[वर्ष]
२०७२

# जिल्ला विकास समिति काठमाण्डौले आव २०७१/७२ मा गरेको कामहरुको सामाजिक परीक्षणको

## अन्तिम प्रतिवेदन

पेस भएको

## जिल्ला विकास समितिको कार्यालय

*ववरमहल, काठमाण्डौ ।*

**एन.ई.पि.सि रिसर्च प्रा.लि.**

मध्य वानेश्वर, काठमाण्डौफोन: ४४३५३१२, फ्याक्स: ४४३५३१२

**अध्ययन टोलिः**

| | |
|---|---|
| सुवासचन्द्र ढकाल | टोलि नेता |
| रमेश प्रसाद मैनाली | अनुसन्धान सहायक |

# विषय सूची

**विषय** **पेज**


अध्ययन टोलि: द
विषय सूची अ
सारांस: भ
अध्ययाय: १ भुमीका १
१.१ सामाजिक परीक्षण परिचय १
१.२. सामाजिक परिक्षणको औचित्य १
१.३ काठमाण्डौ जिल्ला र जिल्ला विकास समिति काठमाण्डौ २
१.३. सामाजिक परिक्षणको उदेश्य २
१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र ३
अध्ययाय: २ अध्ययन विधि र प्रकृया ४
२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा ४
२.२ सम्वन्धित अधिकारीहरु संग छलफल ४
२.३ प्रश्नावलीको तयारी ४
२.४ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल ४
२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल ५
२.६ प्रारम्भिक प्रतिवेदन तयारी ६
२.७ अध्ययनको समय रेखा ६
अध्ययाय ३ अध्ययनको परिणाम र विश्लेषण ७
३.१ महिला, बालबालिका तथा समावेशी क्षेत्र ७
३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र १२
३.२.१ सामाजिक परिचालन र जनचेतना १२
३.२.३ सामाजिक विकृति निर्मुल १५
३.२.४ सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्वोधन १६
३.२.५ बाल श्रमको अवस्था १८
३.२.६ गरिवी निवारणका प्रयासहरू १८
३.३ विकासमा समान सहभागीताको क्षेत्र २७
३.३.१ जिल्ला विकास समिति २७
३.३.२ विषयगत कार्यालयहरु २७
३.३.३ गैर सरकारी संस्थाहरु २७
३.४ सेवा सुविधामा पहुंचको क्षेत्र २८
३.४.१ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच २८
३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवाको उपलब्धता २९
३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच ३०
३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच ३१
३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच ३२
३.५ जिल्लामा विकाको लागी देखा परेका समश्याहरु र समाधानका उपायहरु ३३
३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु ३३

३.५.२ जिल्ला विकास समितिको मुख्य समश्याहरु र सामधानको प्रयासहरु ........ ३४

३.५.३ जिल्ला विकास समितिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालिएका कदमहरुः........ ३५

३.६ सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव ........ ३५

३.७ महाभुकम्प पछि गरिएका क्रियाकलापहरु........ ३८

अध्ययाय ४ निश्कर्ष र सुझाव ........ ३९

४.१ निश्कर्ष ........ ३९

४.२ सुझावहरु........ ४०

अनुसुचीहरु........ ४२

अनुसुचीः १ सुचना संकलनको लागी तयार गरिएको प्रश्नावली........ ४२

**सारांसः**

सुसाशनका खम्वाहरु सहभागिता, पारदर्शिता, जवाफदेहिता र कानूनी राजको विकास गर्ने आधारशीलाहरु क्रियाशील गराउनको लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले स्थानीय निकायहरुलाई स्थानीय सरकारको रुपमा स्वीकार गरेको छ । स्थानीय शासन ऐन २०५५ र नियमावली २०५६ को अधिनमा रही तयार गरिएको सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए वमोजिमको प्रकृया अवलम्वन गरी यो प्रतिवेदन तयार भएको छ । यस प्रतिवेदनमा ४ अध्ययायहरु रहेकाछन् । अध्ययाय १ मा भुमीका, परिचय, उदेश्य, अध्ययन क्षेत्रको वारेमा उल्लेख गरिएको छ भने अध्ययाय २ मा अध्ययन विधि र प्रकृया, अध्ययाय ३ मा अध्ययनको परिणमा र विश्लेषण र अध्ययाय ४ मा निष्कर्ष र सुझावहरु समावेस गरिएका छन् ।

काठमाण्डौ जिल्लामा जम्मा १० निर्वाचन क्षेत्र, १५ ईलाका, १ महानगरपालिका, १० नगरपालिका रहेका छन् । राष्ट्रिय जनगडना २०६८ अनुसार जिल्लामा जम्मा घरधुरी संख्या ४३६३४४ छनु भने ८३१२३९ महिला र ९१३००१ पुरुष गरी कुल जनसंख्या १७४४२४० रहेको छ । साक्षरता प्रतिसत ८३, औषत परिवार संख्या ४, जनसंख्या वृद्धिदर ४.९ र जनघनत्व ४४१६ प्रति वर्ग किलोमिटर रहेकोछ ।

**सामाजिक परिक्षणको उदेश्यः** (क) काठमाण्डौ जिविसले गत आवमा गरेका कामहरु कत्तिको पारदर्शि ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने, (ख) काठमाण्डौ जिविसले गत आवमा के के काम गर्‍यो र त्यसवाट सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पार्‍यो त्यसको अध्ययन गर्ने, (ग) सामाजिक परिक्षण कार्यक्रमले जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने र (घ) अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी कामलाई अगाडी वढाउनु पर्छ भन्ने सिफारिस गर्ने रहेका थिए ।

यस अध्ययनको लागी ४ विषयगत क्षेत्र (क) महिला, बालबालिका तथा समावेशी, (ख) जनचेतना तथा गरिवी निवारण र (ग) विकासमा समान सहभागीताको क्षेत्र र (घ) सेवाहरुमा पहुंचको क्षेत्र तोकिएको थियो ।

अध्ययनको क्रममा अध्ययन टोलीले स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना ( विषयगत कार्यालयहरूको समेत), कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सामाजिक उपलब्धि, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको थियो । अध्ययन टोलीका सदस्यहरुले जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरि आवस्यक सूचना तथा जानकारी लिएको थियो ।

सामाजिक परीक्षणको लागी तयार गरेको कार्य निर्देश शर्तको आधारमा, विभिन्न सरोकारवालाहरुवाट सूचना /तथ्याङ्क संकलन गर्नको लागी भिन्न भिन्न प्रश्नावली तयार गरिएको थियो । तयार गरिएको

प्रश्नावली सुचना संकलन गर्नु भन्दा पहिले जिल्ला विकास समितिका सम्वन्धित अधिकारीहरुवाट स्वीकृत गराईएको थियो । प्राप्त तथ्याङ्कहरुलाई एकत्रित गरी तालिकामा राखिएको थियो र विभिन्न तरिकाले संकलन गरिएको तथ्याङ्कलाई त्रिकोणत्मक विश्लेषण गरी प्रतिवेदन तयार गरिएको थियो । तयार गरिएको प्रतिवेदन सरोकारवालाहरु समक्ष प्रस्तुतीकरण गरी सुझावहरु संकलन गरिएको थियो । सरोकारवालहरुवाट संकलन गरिएको उपयुक्त सुझावहरुलाई समेत समावेश गरि अन्तिमा प्रतिवेदन तयार गरिएको थियो ।

अध्ययनको परिणाम कार्य क्षेत्रको आधारमा निम्न अनुसार व्याख्या गरिएको छ ।

## १) महिला, बालबालिका तथा समावेशी क्षेत्र ।

### (क) स्वास्थ्य

काठमाण्डौ जिल्लामा कुल घरधुरी संख्याको ९४.५ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९४.३ प्रतिसत थियो । पांच वर्ष मुनिका बालबालिकाहरुको प्रतिसत १०.०३ प्रतिसत भएको देखिन्छ जुन गत आवमा ८.४ प्रतिसत थियो । खोपमा पहुच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) १०० प्रतिसत भएको र ४ पटक गर्ववती जाँच गरिएको महिलाको प्रतिसत गत आव २०७०/७१ मा ५४ प्रतिसत भएकोमा आव २०७१/७२ मा ५९.८२ प्रतिसत पुगेको देखिन्छ । आव २०७०/७१ मा दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराउने महिला ८३.०५ थिए भने आव २०७१/७२ मा ८३.७३ प्रतिसत पुगेको छ र त्यसै गरी २०७०/७१ मा ५३.४० प्रतिसत नागरीकहरुले हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिएका थिए भने यस वर्ष ५३.९४ प्रतिसतले मात्र हेल्थपोट वा सव हेल्थपोष्ट वाट सेवा लिएका छन् ।

### (ख) शिक्षा

पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर आव २०७०/७१ मा ४९.७ प्रतिसत भएकोमा आव २०७१/७२ घटेर २९.१९ प्रतिसत भएको पाईयो । कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९५.३ वाट बढेर ९७.२ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोर्‍याउने दर (प्रतिसत) २.८ वाट घटेर २.५६ प्रतिसत पुगेको छ कक्षा उत्तिर्ण हुने दर ९७.२ प्रतिसतवाट वढेर ९७.४४ प्रतिसत पुगेकोछ । आव २०७०/७१ मा प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिसत ९४.८ प्रतिसत भएकोमा आव २०७१/७२ मा ८९.०३ प्रतिसत भएको पाईयो । यसरी तालिम प्राप्त शिक्षकहरुको प्रतिसत कम हुनुमा सो हुनुमा राहत कोटामा भएको वृद्धि र र नव नियुक्त शिक्षकहरुको संख्या वढ्नु देखिन्छ । प्रति कक्षा कोठा विद्यार्थी संख्या आ.व. २०७०/७१ को २७.०९ नै कायम भएको देखियो ।

### (ग) खानेपानी र सरसफाई

आव २०७०/७१ मा ९३.९७ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध थियो भने आव २०७१/७२ यो सुविधा ९५.५१ प्रतिसत नागरिकहरुलाई पुगेकोछ । त्यसै गरी गत वर्ष ९४.८५ प्रतिसत नागरिकहरुलाई शौचालयको सुविधा भएकामा यस आवमा ९२.१६ प्रतिसतलाई मात्र यो सुविधा

पुगेकोछ । विनासकारी भूकम्पले शौचालयहरुमा भएको क्षतीका कारण यो अवस्था हुन पुगेको हो । गत आवमा खानेपानीको सेवा उपलब्ध भएका प्राथमीक विद्यालयहरु ९५.५ प्रतिसत भएकोमा यस वर्ष पनि सोहि ९५.५ प्रतिसत नै रहेकोछ । शौचालयको सुविधा भएका प्राथमीक विद्यालयहरु गत आवमा ९१.३ प्रतिसत भएकोमा यस वर्ष पनि ९१.३ प्रतिसत नै भएको पाईयो । गत आवमा कूल १६ गाविसहरु खुल्ला दिशामुक्त घोषणा भएकोमा यस आ.व. २०७१/७२ मा पनि सोहि १६ गाविस (हाल नगरपालिका भै सकेकोले खुला दिशामुक्त क्षेत्र केहि वार्डहरु मात्र हुन पुगेकाछन् ) नै भएको छ ।

## २) जनचेतना तथा गरिवी निवारण क्षेत्र

जिल्लाका सवै नगरपालिकाहरुमा सामाजिक परिचालन कार्य सञ्चालनमा आएको पाईयो । यस अन्तर्गत १५० वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएका छन् । गत आ.व. २०७०/७१ मा कुल ५११ वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएका थिए । जिल्लामा गत आ.व. २०७०/७१ सम्ममा रहेका ५७ गाविसहरुलाई समायोजना गरी नगरिपालिका गठन भए पश्चात कूल वडाहरुको संख्या कम हुन गएकोले वडा नागरिक मञ्चको संख्या कम हुन गएको हो ।

वडा नागरिक मञ्चमा १६३५ महिला र १९९२ पुरुष गरि जम्मा ३६२७ सदस्य रहेकाछन् भने ४५.०८ प्रतिसत महिला र ५४.९२ प्रतिसत पुरुष सदस्य देखिन्छन् । गत आ.व २०७०/७१ मा कूल १२७७५ सदश्य मध्ये ४३.७ प्रतिसत महिला र ५७.३ प्रतिसत पुरुष थिए ।

आव २०७०/७१ मा ५७ नागरिक सचेतना केन्द्रमा कूल १७७० सदश्य भई ६८ प्रतिसत  थिए भने यस आव २०७१/७२ मा कूल १९६२ सदश्य भई ९३.७८ प्रतिसत महिला भएको पाईयो ।

गरीवसंग विशेश्वर कार्यक्रम मार्फत गत आ.व २०७०/७१ सम्म कायम भएका ५७ मध्ये १४ गाविसमा सामाजिक परिचालन गरी १५७ समुह गठन भई ती समुहहरु सक्रिय रहदै आएकाछन । ती समुहमा जम्मा १९१० सदश्यहरु आवद्ध भएकाछन र रु १ करोड ५० लाख ७८ हजार ३३० वचत संकलन भएको छ । गत आव २०७०/७१ मा वचत रकम रु १ करोड २ लाख ६९ हजार मात्र थियो । कूल वचत मध्ये गत आव २०७०/७१ मा ८५ प्रतिसत लगानी भएको थियो ।

आव २०७१/७२ मा वाल विवाहरुको संस्था १८ भएको पाईयो जुन अघिल्लो आवमा १३ थियो । समुह छलफलको आधारमा छुवाछुत तथा सामाजिक भेलभाव निकै कम हुदै गएको पाईएको छ । जिल्लामा जेष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्ग, दलित वालवालिका क्रमशः ९६६४, २०, ९१९३, ८२१, ५२५ भएको देखिएको छ र ती सवैले तोकिएको सुविधा प्राप्त गरेको पाईयो । आ.व २०७०/७१ ९७१२ जेष्ठ नागरिक, ९५६५ एकल महिला, ५९० अपाङ्ग, ११ पिछडिएको लोपोन्मुख जातीका नागरिकहरु भएका र ती सवैले प्राप्त गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका थिए ।

आव २०७१/७२ मा कूल ११२ छात्रवृत्ति वितरण भएकोमा २७.६८ प्रतिसत विपन्न जेहन्दार, २६.७९ प्रतिसत जनजाती, २६.७९ प्रतिसत महिला, २० प्रतिसत दलित र १ प्रतिसत अपाङ्ग छात्रवृत्ति वितरण

भएको थियो । लक्षित वर्ग उत्थान कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरु मध्ये २६.३९ प्रतिसत बालबालिका, ४३.३४ प्रतिसत आदीवासी जनजाती र ३०.२७ प्रतिसत महिला लक्षित कार्यक्रमहरु कार्यान्वयन भए ।

जिल्लामा कुल १२५९१ बाल श्रमीक रहेका छन जस मध्ये ५७.२९ प्रतिसत बालक र ४२.१ प्रतिसत बालिका छन् । गत आव २०७०/७१ मा कूल १२१८१ बाल श्रमीक मध्ये वालक ५६.९ प्रतिसत र बालिका ४३.१ प्रतिसत थिए ।

### गरिवी निवारणको प्रयासहरु

जिल्लामा आव २०७१/७२ मा कूल ९६४ योजनाहरु सञ्चालन भए जस मध्ये ६३.३८ प्रतिसत पुर्वाधार विकास र ३६.६२ प्रतिसत सामाजिक विकासका योजना थिए भने आ.व २०७०/७१ मा पुर्वाधार विकासका ७२.६७ र सामाजिक विकासका २७.३३ प्रतिसत योजना थिए ।

### क) पुर्वाधार विकासः

जिविसले आव २०७१/७२ मा सञ्चालन गरेका कूल ६११ पुर्वाधार विकासका योजनाहरु मध्ये ५७ प्रतिसत सडक, १२.७७ प्रतिसत भवन, १०.८ प्रतिसत खानेपानी, ४.९१ प्रतिसत सौर्यवत्ति, २.१३ प्रतिसत प्रतिसत सिंचाईका योजनाहरु रहेका थिए । जुन अघिल्लो आवमा क्रमशः ६९.९६, १०.०८, १०.९२, ०.२१ र २.१ प्रतिसत थिए ।

### ख) सामाजिक विकासः

जम्मा ३५३ सामाजिक विकासका आयोजनाहरु मध्ये ५०.४३ प्रतिसत धार्मीक, सास्कृतिक सम्पदा संरक्षण, ३१.४४ प्रतिसत शिक्षा विकास, ७.०८ प्रतिसत, आय आर्जन (कृषि व्यवसाय र पशुपालन सम्वन्धी तालिम, ४.३४ प्रतिसत चेतनामूलक कार्यक्रमहरु,  थिए ।

### ग) रोजगारी प्रवर्द्धन

जिविसले गरिव संग विशेश्वर कार्यक्रम मार्फत १५६ समुह सदश्यहरुवाट रु १ करोड ५० लाख ७८ हजार ३ सय ३० वचत गरी त्यसको ८० प्रतिसत भन्दा वढी रकम लगानी भएको पाईएको छ । यस्तो लगानीवाट २५ वटा कृषि उद्यम विकास, १५ वटा पशु उद्यम विकास, १२ कृषि सामग्री विक्रि र ७८ जनाले गैर कृषि क्षेत्र (पसल, मैन वत्ति, अचार, सिलाई, व्रिकेट) गरी जम्मा १२० नागरिक स्वरोजगारी वनेको देखिन्छ । अप्रत्यक्ष रुपमा १००० भन्दा वढी परिवार लाभान्वित भएको आकलन गरिएको छ ।

जिल्लामा १५० जना व्यवसायिक कृषक र १८७ वटा व्यवसायिक कृषि फार्म सूचीकृत छन् भने जिल्ला स्तरीय प्राङ्गारीक खेती सञ्जाल निर्माण ५० वटा नमूना प्राङ्गारीक फार्म स्थापना, १० वटा प्राङ्गारीक आउटलेट सञ्चालनमा छन् । उद्यमी कृषक तथा व्यवसायिक फार्महरुको वृद्धि भएकोछ, ८९० मे.ट.

गोलभेडा जिल्लावाट निकासी भएको छ, अस्थाई र स्थाई गरी ८,६०० कृषि मजदुरले रोजगारी पाएको देखिएकोछ ।

जिल्लामा हाल सम्ममा १८० वटा गाई फार्म, ८५ वटा व्यवसायिक बाख्रा फार्म, ७० वटा वंगुर फार्महरु सञ्चालनमा रहेका छन् । जसवाट दूध उत्पादनमा ८.१८ प्रतिसत र मासु उत्पादनमा ६ प्रतिसतले वृद्धि भएको छ ।

**३) विकासमा समान सहभागीताको क्षेत्र**

जिल्लामा कुल जनसंख्याको ४० प्रतिसत नागरिकहरुले कुनै न कुनै खालको सेवा प्राप्त गरेको देखिन्छ । स्थानीय निकायहरुवाट खास गरीने जन्म, मृत्यु, विवाह, वसाई सराई, राहदानी, नागरिकता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य सेवा, कृषि, पशु, वन, खानेपानी, महिला, वालवालिका, शिक्षक, पेशाकर्मी आदी सवैलाई एकिकृत गर्दा कुल सहभागीहरु मध्ये १६.५ प्रतिसत महिला, १.६१ प्रतिसत दलित, २०.११ प्रतिसत जनजाती र १८.५ प्रतिसत अन्य जातका नागरिकहरुले विकासमा सहभागिता देखाएको पाईयो ।

**४) सेवाहरुमा पहुँचको क्षेत्र**

**क) स्वास्थ्य सेवामा पहुँच**

आर्थिक वर्ष २०७०/७१ मा कुल ९१२२५ नागरिकहरुले ओपिडि सेवा लिएकोमा गत आव २०७१/७२ मा १७१३६५ जनाले सो सेवा लिएको पाईयो । त्यसै गरी आव २०७०/७१ मा ३७५ महिला र ७२५ पुरुषहरुले स्थाई परिवार नियोजन गरेकोमा आव २०७१/७२ मा क्रमशः ५२० र ५८४ महिला तथा पुरुषले स्थाई परिवार नियोजन गरेको देखिन्छ । अस्थाई परिवार नियोजनको साधनको हकमा आव २०७०/७१ मा ९४१८८९ जनाले यो सेवा लिएकोमा आव २०७१/७२ मा ९३१८८९ जना भएको देखिन्छ ।

काठमाण्डौ जिल्लामा आव २०७०/७१ र आव २०७१/७२ मा कुनै परिवर्तन भएको छैन । आव २०७०/७१ र आव २०७१/७२ मा सरकारी अस्पताल ११, प्राथमीक स्वास्थ्य केन्द्र ८, स्वास्थ्य चौकी २६ र उपस्वास्थ्य चौकी ३२ रहेकाछन् । त्यसै गरी ई.पि.आई. क्लिनिक ५४, आउट रिच क्लिनिक १३४, निजी स्वास्थ्य संस्थाहरु ५५५ रहेका छन् ।

**ख) शिक्षा सेवामा पहूँच**

जिल्लामा बालविकास केन्द्र देखि दश जोड दुई सम्मका जम्मा १६८० शैक्षिक संस्थाहरुमा रहेकाछन । जसमा ३३१ बालविकास केन्द्र, २७३ प्राथमीक विद्यालय, १६२ निम्न माध्यामिक विद्यालय, ७६७ माध्यामिक विद्यालय र १६८ उच्च माध्यामीक विद्यालयहरु छन । जम्मा दश जोड दुई सम्मका विद्यार्थि संख्या ३०३,३३७० रहेकाछन् । कूल विद्यार्थि मध्ये ५०५७४ बालविकास केन्द्र, १४३५५३ प्राथमीक विद्यालय, ८२५६१ निम्न माध्यामिक विद्यालय, ५०१६३ माध्यामिक विद्यालय र २७०९३ उच्च माध्यामीक विद्यालयहरुमा रहेकाछन । विद्यार्थी संख्या हेर्दा प्रति विद्यालय २३४ विद्यार्थि सख्या पाईयो ।

बालविकास केन्द्रमा १५३, प्राथमीक विद्यालयमा ५२६, तथा निम्न माध्यामिक विद्यालयमा ५१० विद्यार्थि प्रति विद्यालय भएको देखिन्छ ।

### ग) कृषि सेवामा पहूँच

काठमाण्डौ जिल्लामा जम्मा छ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले शालाखाला ९ वटा गाविसका/नगरपालिका वार्डका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र कृषि सेवा केन्द्र सम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १ घण्टा ३० मिनेटमा सेवा लिन सक्ने अवश्था देखिन्छ ।

### घ) पशु सेवामा पहूँच

काठमाण्डौ जिल्लामा जम्मा १० वटा पशु सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले औषत ५.५ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्र सम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १.५ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ ।

### (ङ) अन्य सेवाहरुमा पहूँच

जिल्लामा रहेका मध्यमाञ्चल खानेपानी तथा सरसफाई सुपरिवेक्षण तथा अनुगमन कार्यालय, वन कार्यालय, महिला वालवालिका कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, डिभिजन सिंचाई कार्यालय, वन तथा भू–संरक्षण कार्यालय तथा अन्य गैर सरकारी कार्यालयहरुले पनि आ–आफ्नो कार्य क्षेत्र अनुसार सेवा प्रदान गर्दै आएकछन् ।

### (च) महाभुकम्प पस्चात भएक कार्यहरु

महाभुकम्पका कारण जिल्लामा ठुलो परिमाणमा भौतिक तथा मानविय क्षती भएको थियो । तथ्याङ्क अनुसार जम्मा १२२२ मानविय क्षती भएकोका महिला ६००, पुरुष ६२१ र तेस्रो लिङ्गि १ थिए । जिल्ला विकास समिति र माताहतका कार्यालयहरुवाट उक्त क्षतीलाई सम्वोधन गर्ने खालका विभिन्न क्रियाकलापहरु सम्पन्न भए । जिविसवाट प्राप्त तथ्याङ्क अनुसार ३०५५ वटा त्रिपाल वितरण, पानी टंकी खरिद तथा वितरण १ विपद व्यवस्थापनका लागि मागका आधारमा नगरपालिका र जिल्ला बाल कल्याण समिति, जिल्ला कृषि तथा पशुसेवा कार्यालयहरुलाई अनुदान दिईएको थियो । जिल्ला जनस्वास्थ्य कार्यालय वाट विभिन्न संघ संस्थाहरुको सहयोगमा स्वास्थ्य सिविर,सुत्केरीलाई न्यानो झोला वितरण, सुचना सामग्री वितरणस्वंसेवकहरुलाई प्राथमीक मनोसामाजिक परामर्श तालिम सञ्चालन गरेको । महिलावालवालिका कार्यालयवाट २००० सुत्केरीलाई राहत सामग्री वितरण, मनोसामाजिक परामर्ष कार्यक्रम सञ्चालन गरेको थियो ।

### विकासका कार्य सञ्चालन गर्न आई परेका समश्याहरुः

विनासकारी भूकम्प र यसवाट परेको दुष्प्रभाववाट विकासका संरचनाहरुमा क्षति पुगेको र पुननिर्माणको लागि आवस्यक वजेट जुटाउन कठीनाई भएको छ । स्थानीय निकायमा लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुदा साँचो अर्थमा विकास कार्यलाई गति दिन नसकिएको अवस्था रहेको छ । गैसस

मार्फत गरि रहेको ठूलो लगानीको अभिलेख जिविसमा नरहेको अवस्था रहेकोछ । अझैपनि धेरै गैससहरुको कार्यक्रम जिविसको योजना प्रकृयामा आवद्ध हुन नसकेको अवस्था छ । भरखर गठन भएका नगरपालिकाहरुको संस्थागत क्षमता कमजोर भएको र ती नगरपालिका क्षेत्रमा विकासका कार्यहरु गर्न स्रोत र साधनको कमी भएको पाईन्छ । जिल्ला विकास समितिको आन्तरीक आम्दानीका स्रोतहरुमा संकुचन आएको र नगरपालिका तथा जिविस विचको सम्वन्धमा स्पष्टता नभएको अवस्था छ एउटै कार्यक्रममा विभिन्न निकायबाट हुने सहयोगलाई एकिकृत गर्न नसक्नु अवस्था विद्यमान हुनु विकासका समस्याहरु हुन ।

## सुझावहरु

१. स्थानीय निकायहरु निर्वाचित जनप्रतिनिधि विहिन भएको अवस्थामा सामाजिक परिचालन कार्यलाई सशक्त र कार्यमूलक वनाउनु अति आवस्यक छ । यसका लागि मौजुदा सामाजिक परिचालकहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने र उनीहरुको कार्य क्षेत्रलाई विविधिकरण गर्नु पर्ने देखिन्छ ।
२. जिल्ला विकास समितिको आम्दानीमा संकुचन आउनाको, जिविस र नगरपालिका वीचको सम्वन्धमा स्पष्टता नभएको कारण विकास कार्यमा समन्वय गर्न कठिनाई परेको देखिन्छ । यसको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नगरपालिका र जिविस वीचको सम्वन्ध परिभाषित गर्ने कार्य गर्नु अति आवस्यक छ । त्यसै गरी जिविसले आफ्नो आन्तरीक आय वढाउनको लागि के कस्ता कार्यहरु गर्नु पर्दछ भन्ने अध्ययन गरी आन्तरीक स्रोत परिचालनको लागि विशेष कार्य गर्नु जरुरी छ ।
३. महाविनासकारी भुकम्पले निम्त्याएको समस्या समाधानको लागि र पुनर्रनिर्माणको कार्यलाई आवस्यक पर्ने स्रोत  र साधनको खोजी गर्न जिल्लामा कार्यरत सवै निकायहरुको वैठक गरी समन्वयात्मक कार्य गर्नुपर्ने देखिन्छ ।
४. सामाजिक विकासमा ठूलो योगदान पुर्‍याउने, शहर र गाउँ विचको व्यापार सन्तुलन ल्याउन सहयोग गर्ने कृषि क्षेत्रका आवस्यक गर्ने सेवा सुविधाहरु अझै पुग्न नसकेको अवस्थामा, नागरिकहरुको सहज पहुँच पुग्ने गरी सेवा केन्द्र तथा त्यहाँ काम गर्ने प्राविधिक कर्मचारीहरुको संख्यात्मक तथा गुणात्मक सुधार ल्याउन जरुरी छ । यसका लागि स्थानीय निकायहरुले सेवा केन्द्र तथा प्राविधिकहरुको व्यवस्था गर्न स्रोत परिचालन गर्नुपर्ने देखिन्छ ।
५. विकासको लागि तथ्याङ्कहरुको अति आवस्यकता छ । यसले स्थानीय विकासको आवस्यकता पहिचान गर्न, स्रोत र साधनको खोजी गर्न र विकास कार्य सञ्चालन गर्ने नीति तथा रणनीति तयार गर्न सहजीकरण गर्दछ । यसका लागि जिल्लामा कार्यरत सवै संघसंस्थाहरुले अभिलेखिकरण गर्ने तथ्याङ्कमा एकरुपता हुनु आवस्यक छ । त्यसैले जिविस काठमाण्डौले जिल्लामा काम गर्ने सवै निकायहरुलाई आफूले उपयोग गर्ने गरेको डिपिमास सूचना प्रणाली लागु गर्न र सोहि अनुसारको प्रतिवेदन जिविसमा पठाउन निर्देशित गर्नुपर्ने देखिन्छ ।

# अध्ययायः १ भुमीका

### *१.१ सामाजिक परीक्षण परिचय*

सुसाशनका खम्वाहरु सहभागिता, पारदर्शिता, जवाफदेहिता र कानूनी राजको विकास गर्न आधारशीलाहरु तयार गर्नेतर्फ क्रियाशील गराउनको लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले स्थानीय निकायहरुलाई स्थानीय सरकारको रुपमा स्वीकार गरेको छ। यस ऐन र नियमावलीले सवै भन्दा तल्लो तहको सरकाको रुपमा गाउं विकास समिति /नगरपालिका र जिल्ला तहमा जिल्ला विकास समितिलाई आ–आफ्नो अधिकार र कर्तव्य वाँडफाँड गरी कानुनी मान्यता समेत स्थापित गरेको छ । विकासको काममा आम नागरिकको संलग्नता सुनिश्चित गर्ने, पारदर्शिता कायम गर्ने र उनीहरुलाई वढि जिम्वेवार वनाउने आधारहरुलाई पनि सुदृढपार्ने व्यवस्था मिलाएको छ । यहि ऐन र नियमावलीलाई आधार मानि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायलाई नियमन गर्न र उनीहरुको भूमीकालाई शशक्त वनाउन विभिन्न नीति, कार्यविधि, दिग्दर्शन तथा मार्ग निर्देशनहरु तयार गरी स्थानीय निकायको कामलाई सरलिकृत गर्दै आएको छ । यसै सिलशिलामा जिल्ला विकास समितिले वर्षभर के कस्ता विकासका कार्यहरु गरे, ती कार्यहरुमा आम नागरिकको के कस्तो वेभ्फाई छ, ती कार्यक्रमहरुले उनीहरुको जीवनस्तरमा के कस्ता सकारात्मक/नकारात्मक प्रभाव परे, त्यसको आकलन गरी भावि रणनिती र कार्यनिती तयार गर्न सहजीकरण गर्नको लागि के कस्ता कार्यहरु गर्नु पर्दछ जस्ता विषयहरुको अध्ययन गर्न सामाजिक परिक्षण गर्न निर्देशिका मार्फत सम्पुर्ण स्थानीय निकायहरुलाई निर्देशित गरेको छ ।

### *१.२. सामाजिक परिक्षणको औचित्य*

नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६८।१।१२ को निर्णयानुसार स्वीकृत स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७ मा उल्लेख भए वमोजिम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरी कार्यान्वयन भई आएको छ ।

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु यस अध्ययनको मूल उदेश्य रहेकोछ । स्थानीय निकायहरुले गर्ने सामाजिक परक्षिण विधि र प्रकृयालाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्नु पनि यसको अर्को उदेश्य हो ।

स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण अनिवार्य गर्ने व्यवस्था रहेको छ र यसलाई स्थानीय निकायहरुको न्यूनतम सर्त तथा कार्य सम्पादन मापन कार्यविधिमा समेत समायोजित गरिएको छ । स्थानीय निकायहरुलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी,

त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकको लाई आधारमानी लेखाजोखा गर्न सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेत समेट्ने व्यवस्था छ । सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यक्रम/ आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यसै विधिको प्रयोग गर्न सक्नेछन् र सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्नु पर्नेछ भन्ने कुरालाई पनि जोड दिईएको छ ।

### *१.३ काठमाण्डौ जिल्ला र जिल्ला विकास समिति काठमाण्डौ*

मध्यमाञ्चल विकास क्षेत्रमा अवस्थित यो जिल्ला देशको राजधानी हो । जिल्लाको कुल क्षेत्रफल ३९५ वर्ग किलोमिटर रहेको यो जिल्ला समुन्द्र सतह देखि १२६२ मीटर देखि २७३२ मीटर उचाईमा रहेकोछ । जिल्लाको पूर्वमा भक्तपुर तथा काभ्रेपलाञ्चोक, पश्चिममा धादिङ्ग र नुवाकोट, उत्तरमा नुवाकोट र सिन्धुपलाञ्चो तथा दक्षिणमा ललितपुर र मकवानपुर जिल्लाहरुको रहेकाछन् । जिल्लामा जम्मा १० निर्वाचन क्षेत्र, १५ ईलाका, १ महानगरपालिका, १० नगरपालिका रहेका छन् । राष्ट्रिय जनगडना २०६८ अनुसार जिल्लामा जम्मा घरधुरी संख्या ४३६३४४, ८३१२३९ महिला र ९१३००१ पुरुष गरी कुल जनसंख्या १७४४२४० रहेको छ । साक्षरता प्रतिसत ८३, औषत परिवार संख्या ४, जनसंख्या वृद्धिदर ४.९ र जनघनत्व ४४१६ प्रति वर्ग किलोमिटर रहेकोछ ।

स्थानीय स्वायत्त शासन ऐन र निक्षेपण कार्यविधि अनुसार जिल्ला विकास स जिल्ला सरकारको रुपमा रहेको र विभिन्न विषयगत कार्यालयहरुलाई समन्वयकारी भूमीका द्धारा उनीहरुको कार्यहरुलाई समेत सहजीकरण गर्ने अधिकार र जिम्वेवारी पनि जिविसमा रहेको छ । त्यसै गरी गैर सरकारी संस्थाहरुलाई नियमन परिचालन गरी उनीहरुको कार्यलाई समेत सहजीकरण गरी एकिकृत जिल्ल विकास कार्यलाई गति दिन जिविस काठमाण्डौ लागि परेकोछ । जिल्ला शिक्षा, जिल्ला स्वास्थ्य, जिल्ला कृषि, जिल्ला पशु, जिल्ला महिला वालवालिका, जिल्ला वन, जिल्ला घरेलु, मध्यमाञ्चल खानेपानी तथा ढलनिकास सुपरिवेक्षण तथा अनुगमन, डिभिजन सिंचाई, जलउत्पन्न प्रकोप नियन्त्रण तथा विभिन्न गैर सरकारी निकायहरुको सयुक्त प्रयासमा जिल्लामा विकासका कार्यहरु अगाडी वढिरहेकाछन् । विकास कार्यमा जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता स्थापित गराउन जिविसले विभिन्न कार्यहरु गर्दै आएकोछ छ र हरेका साल सामाजिक परीक्षण कार्यलाई पनि निरन्तरता दिदै आएको छ ।

### *१.३. सामाजिक परिक्षणको उदेश्य*

- काठमाण्डौ जिविसले गत आवमा गरेका कामहरु कत्तिको पारदर्शि ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने ।
- काठमाण्डौ जिविसले गत आवमा के के काम गऱ्यो र त्यसवाट सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पाऱ्यो त्यसको अध्ययन गर्ने ।

- सामाजिक परिक्षण कार्यक्रमले जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने ।
- अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी कामलाई अगाडी वढाउनु पर्छ भन्ने सिफारिस गर्ने ।

### *१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र*

यस अध्ययनको लागी निम्न विषयगत क्षेत्रहरुलाई आधार मानिएको थियो ।

१.४.१ बालबालिका, महिला तथा समावेशी क्षेत्र ।
१.४.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र ।
१.४.३ सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई) मा समान सहभागीताको क्षेत्र ।
१.४.४ सेवाहरुमा पहुंचको क्षेत्र ।

# अध्ययाय: २ अध्ययन विधि र प्रकृया

एन.ई.पि.सि. रिसर्च प्रा.लि.ले निम्न विधिहरू प्रयोग गरी अनुसन्धानात्मक ढंगले समाजिक परीक्षण गरेको थियो ।

## *२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा*

अभ्ययनको क्रममा अध्ययन टोलीले स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना ( विषयगत कार्यालयहरूको समेत), कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सामाजिक उपलब्धि,सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको थियो । यो अध्ययन प्रतिवेदन तयार गर्दा यी सुचनाहरुको समिक्षा र विश्लेषण गरिएकोछ ।

## *२.२ सम्वन्धित अधिकारीहरु संग छलफल*

अध्ययन टोलीका सदस्यहरुले जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरि आवस्यक सूचना तथा जानकारी लिएको थियो । यसले अध्ययन टोलीलाई विषयको गहिराईमा पुग्न र विश्लेषण्का आधार तयार गर्न मार्ग प्रसस्त गरेको थियो ।

## *२.३ प्रश्नावलीको तयारी*

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरी स्थानीय निकायहरुलाई अनिवार्य गरेको सामाजिक परीक्षणको लागी तयार गरेको कार्य निर्देश शर्तको आधार, जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरुको छलफलको आधार र विभिन्न सन्दर्भ सामग्रीहरुको अध्ययन तथा तथा विभिन्न वेव साईटहरुको अध्ययन गरेपछि अध्ययनका लागी विभिन्न सरोकारवालाहरुको लागी भिन्न भिन्न प्रश्नावली तयार गरिएको थियो । तयार गरिएको प्रश्नावली सुचना संकलन गर्नु भन्दा पहिले जिल्ला विकास समितिका सम्वन्धित अधिकारीहरुवाट स्वीकृत गराईएको थियो ।

## *२.४ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल*

जिविस काठमाण्डौबाट स्वीकृत भएको प्रश्नावलीको प्रयोग गरी काठमाण्डौ जिल्ला विकास समिति र विषयगत कार्यालयहरू लगायत सम्वन्धित गैर सरकारी संस्थाहरुका सम्वन्धित अधिकारीहरु संग सुचना संकलन गरिएको थियो । यसको लागि अन्तवार्ता, छलफल र अन्तकृया गरिएको थियो । अन्तवर्ताले समेट्न नसकेका विषय वस्तुहरुलाई सम्बन्धित कर्मचारीहरू तथा लाभान्वित वर्गहरुको सानो समूह बनाई समूह छलफल समेत गरिएको थियो तथा स्थलगत निरिक्षण र अवलोकन समेत गरिएको थियो । कार्यक्रम सञ्चालनको प्रक्रिया, कार्यक्रमहरुका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत बुँदागत रूपमा समूह छलफल गरिएको थियो यसका सन्दर्भमा सामाजिक परिक्षण कार्यविधिको अनुसूची २ र ३ लाई आधार मानिएको थियो ।

सूचना संकला गदाए निम्न विषयवस्तु लाई समेटिएको थियो :

- बालबालिका, महिला तथा समावेशी क्षेत्र ।
- जनचेतना तथा गरिवी निवारण क्षेत्र ।
- सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई) मा समान सहभागीताको क्षेत्र ।
- सेवाहरुमा पहुंचको क्षेत्र ।

यसका अतिरिक्त निम्न विषयहरुलाई पनि सुचना संकलनमा समावेस गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने )
- स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू
- गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- समस्याहरू
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

एन.ई.पि.सि. रिसर्च प्रा.लि.ले सामाजिक परीक्षण कार्यविधिमा उल्लेख भए वमोजमको आचार संहिता पालनामा विशेष ध्यान दिएको थियो । ध्यान पुर्याईएका विषयहरुमाः विषषयवस्तुमा मात्र केन्द्रित रहने, तथ्यांक र सूचनालाई आधार मान्ने, सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगरी प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने, विचारका लागि धन्यवाद दिने, निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने, व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने, सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने, आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने, बीचमा अर्काको कुरा नकाट्ने आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने वोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने जस्ता कुराहरुलाई पालना गरिएको थियो ।

### *२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल*

सामाजिक परिक्षण कार्यविधिको अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो ।

- जिविसको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता, वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता ।

- जिविसले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा जिविसले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति स्थानीय निकायले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।
- सामाजिक उत्तरदायित्व पूरा गर्न जिविसको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।
- जिविसले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर

### *२.६ प्रारम्भिक प्रतिवेदन तयारी*

जिल्ला विकास समितिका पदाधिकारीहरु संगको छलफल, अन्तवार्ता, समुह छलफल, सन्दर्भ सामग्रीहरुको अध्ययन, तथा सरोकारवालाहरुको वैठक र ती वैठकमा दिईएका सुझावहरु समेतलाई समेटेर प्रतिवेदन तयार गरिको छ । अध्ययनको क्रममा निम्न प्रतिवेदनहरु निम्न समय रेखामा पेस गरिएको थियो ।

### *२.७ अध्ययनको समय रेखा*

उल्लेखित कार्य २०७२ भाद्र ३० वाट शुरु भएको थियो र २०७१ कार्तिक मसान्त सम्ममा सम्पन्न भएको थियो । यसका लागी निम्न तालिका अपनाईएको थियो ।

| क्रस | क्रियाकलाप | सम्पन्न गरेको मिति २०७२ | कैफियत |
|---|---|---|---|
| १ | सन्दर्भ सामग्रीहरुको अध्ययन | आश्विन १ देखि ६ सम्म | |
| २ | सुचना संकलन गर्ने प्रश्नावली तयारी | आश्विन ७ देखि १० सम्म | |
| ३ | जिविस तथा विषयगत सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधिहरु संग अन्तवार्ता र समुह छलफल । | आश्विन ११ देखि २० सम्म | |
| ४ | सन्दर्भ सामग्रीहरुको अध्ययन, अन्तवार्ता र समुह छलफलवाट आएका सुचनाहरुको समायोजन र प्रारम्भिक प्रतिवेदन तयारी । | आश्विन २१ देखि २९ सम्म | |
| ५ | तयार भएको प्रतिवेदन सम्पुर्ण सरोकारवालाहरु समक्ष प्रस्तुतीकरण । | कार्तिक २३ | |
| ६ | सरोकारवालाहरुले सुझाएका सुझाव तथा प्रतिक्रियाहरुलाई समेत सम्वोधन गरी अन्तिम प्रतिवेदनको तयारी । | कार्तिक २९ | |
| ७ | अन्तिम प्रतिवेदन जिविसमा पेस । | कार्तिक ३० | |

# अध्ययाय ३ अध्ययनको परिणाम र विश्लेषण

### *३.१ महिला, बालबालिका तथा समावेशी क्षेत्र*

**क) स्वास्थ्य क्षेत्र**

तालिका १ अनुसार काठमाण्डौ जिल्लामा कुल घरधुरी संख्याको ९४.५ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९४.३ प्रतिसत थियो । यस्तो सुधार आउनुमा सडक सुधार, मर्मत सम्भार, कल्भर्ट निर्माण तथा थप सडक निर्माण जस्ता कारणहरु पाईयो ।

पांच वर्ष मुनिका बालबालिकाहरुको प्रतिसत १०.०३ प्रतिसत भएको देखिन्छ जुन गत आवमा ८.४ प्रतिसत थियो । खोप कार्यक्रममा जनचेतना अभिवृद्धि र राष्ट्रिय खोप अभियानको कारण खोपमा पहुच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) १०० प्रतिसत भएको पाईयो जुन गत आवमा पनि सोही थियो । ४ पटक गर्भवती जाँच गरिएको महिलाको प्रतिसत गत आव २०७०/७१ मा ५४ प्रतिसत भएकोमा यस वाट वढेर यस आव २०७१/७२ मा ५९.८२ प्रतिसत पुगेको देखिन्छ ।

आव २०७०/७१ मा दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराउने महिला ८३.०५ थिए भने आव २०७१/७२ मा ८३.७३ प्रतिसत पुगेको छ र त्यसै गरी २०७०/७१ मा ५३.४० प्रतिसत नागरीकहरुले हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिएका थिए भने यस वर्ष ५३.९४ प्रतिसतले मात्र हेल्थपोष्ट वा सव हेल्थपोष्ट वाट सेवा लिएका छन् । नागरीकहरु आफ्नो नजिकमा रहेको नीजि अस्पताल वा आउट रिच क्लिनीकहरुवाट सेवा लिने अवस्था रहदा रहदै पनि विश्वासका कारण हेल्थपोष्टबाट सेवा लिन नागरिकहरु रुचाउछन् । जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्यकर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको सहभागिता आदी प्रयासहरुवाट यस्ता सकारात्मक परिणामहरु आएको पाईन्छ ।

**तालिकाः १ स्वास्थ्य क्षेत्रको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ४०६९२१ | ९४.३ | नयां सडक निर्माण, सडक मर्मत | ४११७५७ | ९४.५ |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | १४७०३८ | ८.४ | खोप कार्यक्रममा विस्तार, परिवार नियोजनको साधनहरुको प्रयोगमा विस्तार | १७४९१४ | १०.०३ |
| खोपमा (विसिजि) पहुच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) प्रतिसत | ४१२९९ | १०० | खोप कार्यक्रममा जनचेतना अभिवृद्धि | ३७७४९ | १०० |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | ५४ | स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य स्वंसेवीकालाई तालिम । | २२५८१.८ | ५९.८२ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ३८६९१ | ८३.०५ | जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य स्वंसेवीकालाई तालिम, स्वास्थ्य संस्थामा प्रसुति भत्ता वितरण । | ३१६०५.५ | ८३.७३ |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | ० | ० | जनचेतना | ० | ० |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | ५३.४ | जनचेतना, सडक मर्मत, निर्माण, सेवा र सुविधामा विस्तार, सामाजिक परिचालन व्यवस्था । | २३५४८७ | ५३.९४ |
| परिवार नियोजनका साधनहरुको प्रयोग गर्नेहरु | | २६ | साधनहरुको वितरण | | २६ |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०७०/७१ र आ.व २०७१/७२*

## ख) शिक्षा क्षेत्रको अवश्था :

तालिका २ अनुसार, पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर आव २०७०/७१ मा ४९.७ प्रतिसत भएकोमा आव २०७१/७२ घटेर २९.१९ प्रतिसत भएको पाईयो । कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९५.३ वाट बढेर ९७.२ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने दर (प्रतिसत) २.८ वाट घटेर २.५६ प्रतिसत पुगेको छ कक्षा उत्तिर्ण हुने दर ९७.२ प्रतिसतवाट वढेर ९७.४४ प्रतिसत पुगेकोछ । आव २०७०/७१ मा प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिसत ९४.८ प्रतिसत भएकोमा आव २०७१/७२ मा ८९.०३ प्रतिसत भएको पाईयो । यसरी तालिम प्राप्त शिक्षकहरुको प्रतिसत कम हुनुमा सो हुनुमा राहत कोटामा भएको वृद्धि र र नव नियुक्त शिक्षकहरुको संख्या वढ्नु देखिन्छ । प्रति कक्षा कोठा विद्यार्थी संख्या आ.व. २०७०/७१ को २७.०९ नै कायम भएको देखियो ।

विभिन्न सूचना सहितको क्यालेण्डर प्रत्येक विद्यालयमा पठाउनु, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था, विद्यालय मर्जरमा लैजानु, जानकारी, थप कोठा निर्माण, त्रैमासिक रुपमा विभिन्न शैक्षिक समाचार र शैक्षिक क्रियाकलापहरु समावेश गरी प्रकासन तथा वितरण, निशुल्क पुस्तक वितरण, राष्ट्रिय साक्षरता अभियान, अनौपचारिक शिक्षा, विद्यालय व्यवस्थापनमा सुधार अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्यले गर्दा यस क्षेत्रमा सुधार देखिएको हो ।

**तालिका: २ शिक्षा क्षेत्रको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | ० | ० | | ० | ० |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ७३०४८ | ४९.७ | निशुल्क पुस्तक वितरण, राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, अनौपचारिक शिक्षा, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था । | ५१०५३ | २९.१९ |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | ५३४३ | ४.१४ | | ५३४३ | ४.१४ |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | १४०२०६ | ९५.३ | | | ९७.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने दर (प्रतिसत) | ३९३२ | २.८ | निशुल्क पुस्तक वितरण, राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, अनौपचारिक शिक्षा, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था ।, विद्यालय भवन मर्मत, थप कोठा निर्माण । | ४१८० | २.५६ |
| कक्षा उत्तिर्ण हुने दर | १३६२३१ | ९७.२ | शिक्षकहरुलाई तालिम, अभिभावक शिक्षा, कक्ष कोठामा भौतिक सुविधा विस्तार, पाठ्य सामग्रीको थप व्यवस्था, समयमा पुस्तक वितरण । | १५९३६६ | ९७.४४ |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या (प्रतिसत) | २०९९ | ९४.८ | शिक्षकहरुलाई तालिम, अभिभावक शिक्षा । | १९८४ | ८९.०३ |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | २७.०९ | | | २७.०९ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०७०/७११र आ.व २०७०/७२*

तालिका ३ मा उल्लेख भए अनुसार शिक्षा क्षेत्रको विकास र सवैलाई शिक्षा पुर्‍याउन विभिन्न तह र तप्काका नागरिकहरुको आवस्यकता अनुसार अवसर प्रदान गर्नको लागि जिल्लामा अन्य शैक्षिक क्रियाकलापहरु पनि सञ्चालन भएका छन् । खुला विद्यालय, अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम वैकल्पिक विद्यालय, गृहणी विद्यालय, र सामुदायिक अध्ययन केन्द्रहरु सञ्चालन गरी शिक्षामा पहुंच वढाउने कार्य गरिएको छ ।

**तालिकाः ३ अन्य शैक्षिक कार्यक्रमहरु**

| किसिम | प्रा.वि | नि.मा.वि | मा.वि | उ.मा.वि | जम्मा |
|---|---|---|---|---|---|
| वैकल्पिक विद्यालय | ९ | ४ | १२ | ० | २५ |
| गृहणी विद्यालय | ५३ | १२ | ६ | ० | ७१ |
| खुला विद्यालय | ० | ४ | ४ | ० | ८ |
| अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम | २० | ० | ० | ० | २० |
| सामुदायिक अध्ययन केन्द्र | जम्मा ३५ | | | | ३५ |
| कुल जम्मा | | | | | १५९ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, २०७१/७२

## ग) खानेपानी तथा सरसफाई

तालिका ४ अनुसार आव २०७०/७१ मा ९३.९७ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध थियो भने आव २०७१/७२ यो सुविधा ९५.५१ प्रतिसत नागरिकहरुलाई पुगेकोछ । त्यसै गरी गत वर्ष ९४.८५ प्रतिसत नागरिकहरुलाई शौचालयको सुविधा भएकामा यस आवमा ९२.१६ प्रतिसतलाई मात्र यो सुविधा पुगेकोछ । विनासकारी भूकम्पले शौचालयहरुमा भएको क्षतीका कारण यो अवस्था हुन पुगेको हो । गत आवमा खानेपानीको सेवा उपलब्ध भएका प्राथमीक विद्यालयहरु ९५.५ प्रतिसत भएकोमा यस वर्ष पनि सोहि ९५.५ प्रतिसत नै रहेकोछ । शौचालयको सुविधा भएका प्राथमीक विद्यालयहरु गत आवमा ९१.३ प्रतिसत भएकोमा यस वर्ष पनि ९१.३ प्रतिसत नै भएको पाईयो ।

खुल्ला दिशा मुक्त क्षेत्र घोषणा अभियान, नयां खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत, जनसहभागिता वढाउन सामाजिक परिचालन, स्थानीय निकाय, सरकारी निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्य र स्थानीय निकायहरुको सक्रियताका कारण खानेपानी र सरसफाईको क्षेत्रमा सुधार आएको देखिन्छ । गत आवमा कूल १६ गाविसहरु (हाल नगरपालिकामा परिणत भएको) खुल्ला दिशामुक्त घोषणा भएकोमा यस आ.व. २०७१/७२ मा पनि सोहि १६ गाविस क्षेत्र (हाल नगरपालिका) नै भएको छ ।

## तालिकाः ४ खानेपानी तथा सरसफाई को अवश्या

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| स्वच्छ पानी पुगेको परिवार संख्या | ४१४७३० | ९३.९७ | नयां खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत, जनसहभागिता वढाउन सामाजिक परिचालन, स्थानीय निकाय, सरकारी निकाय र गैर | ४१६९४३ | ९५.५१ |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | ४१३९०१ | ९४.८५ | सरकारी निकाय विचको समन्वय र सहकार्य । | ४०२३१९ | ९२.१६ |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | २४३ | ८९.५ | | २४३ | ८९.५ |
| सौचालय भएको प्राथमीक विद्यालय संख्या | २५१ | ९१.९ | | २५१ | ९१.९ |
| सुधारिएको चुलो भएको परिवार संख्या | | ० | सुचना प्राप्त नभएको । | | ० |
| खुला दिशा मुक्त क्षेत्र घोषणा भएका गाविस | १६ | | | १६ | |

### *३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र*

जनचेतना तथा गरिवी निवारणको क्षेत्रमा आ.व. २०७१/७२ मा काठमाण्डौ जिल्लामा निम्न अनुसार कार्यक्रमहरु सञ्चालन गरिको थियो ।

#### ३.२.१ सामाजिक परिचालन र जनचेतना

जिल्लाका सवै नगरपालिकाहरुमा सामाजिक परिचालन कार्य सञ्चालनमा आएको पाईयो । यसका लागी १५० वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएका छन् । गत आ.व. २०७०/७१ मा कुल ५११ वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएका थिए् । जिल्लामा गत आ.व. २०७०/७१ सम्ममा रहेका ५७ गाविसहरुलाई समायोजना गरी नगरिपालिका गठन भए पश्चात कूल वडाहरुको संख्या कम हुन गएकोले वडा नागरिक मञ्चको संख्या कम हुन गएको हो ।

तालिका ५ मा उल्लेख भए अनुसार, वडा नागरिक मञ्चमा १६३५ महिला र १९९२ पुरुष गरि जम्मा ३६२७ सदस्य भई ४५.०८ प्रतिसत महिला र ५४.९२ प्रतिसत पुरुष सदस्य देखिन्छन् । गत आ.व २०७०/७१ मा कूल १२७७५ सदश्य मध्ये ४३.७ प्रतिसत महिला र ५७.३ प्रतिसत पुरुष थिए । सवै गाविसहरु नगरपालिका भए पछि वडा नागरिक मञ्चका सदस्यहरुको संख्या कमी भए पनि वडा नागरिक मञ्चमा महिलाको प्रतिसत भने वढेको पाईयो ।

**तालिकाः ५ सामाजिक परिचालनको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| जम्मा वडा नागरिक मञ्चको संख्या | ५११ | | सामाजिक परिचालकहरुले तोकिएको कामहरु समयमा नै सम्पन्न गरेको । जिविसले अनुगमनलाई प्रभावकारी वनाएको । | १५० | |
| जम्मा नागरिक सचेतना केन्द्रको संख्या | ५७ | | | ५७ | |
| वडा नागरिक मञ्चका सदश्यहरुको संख्या | | | | | |
| महिला | ५५८३ | ४३.७ | | १६३५ | ४५.०८ |
| पुरुष | ७१९२ | ५६.३ | | १९९२ | ५४.९२ |
| जम्मा | १२७७५ | १०० | | ३६२७ | १००.० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०७०/७१ र आ.व २०७१/७२, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं ।*

तालिका ६ अनुसार गत आव २०७०/७१ मा ५७ नागरिक सचेतना केन्द्रमा कूल १७७० सदश्य भई ६८ प्रतिसत थिए भने यस आव २०७१/७२ मा कूल १९६२ सदश्य भई ९३.७८ प्रतिसत महिला भएको पाईयो । यसवाट नागरिक सचेतना केन्द्रमा नागरिकहरुको संलग्नता वढ्दै गएको छ भने महिला सहभागिता पनि उल्लेख्य भएको पाईयो ।

**तालिकाः ६ नागरिक सचेतना केन्द्रका सदश्यहरुको संख्या**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| महिला | ११९७ | ६८ | जिल्ला सामाजिक परिचालन समितिलाई सक्रिय पारेको, अनुगमन कार्यलाई एकिकृत गरिएको । | १८४० | ९३.७८ |
| पुरुष | ५१३ | २९ | | १२२ | ६.२२ |
| जम्मा | १७७० | १०० | | १९६२ | १०० |
| जम्मा सामाजिक परिचालकहरुको संख्या | ५६ | | | ५६ | |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०७०/७१ र आ.व २०७१/७२, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं ।*

तालिका ७ अनुसार जिल्ला विकास समितिले गरीवसंग विशेश्वर कार्यक्रम मार्फत गत आ.व २०७०/७१ सम्म कायम भएका ५७ मध्ये १४ गाविसमा सामाजिक परिचालन गरी १५७ समुह गठन भई ती समुहहरु सक्रिय रहदै आएकाछन । ती समुहमा जम्मा १९१० सदश्यहरु आवद्ध भएकाछन र रु १ करोड ५० लाख ७८ हजार ३३० वचत संकलन भएको छ । गत आव २०७०/७१ म वचत रकम रु १ करोड २ लाख ६९ हजार मात्र थियो । कूल वचत मध्ये गत आव २०७०/७१ म ८५ प्रतिसत लगानी भएको थियो तर आ.व २०७१/७२ को लगानीको एकिन तथ्याङ्क पाईएन ।

## तालिका: ७ सामाजिक परिचालन अन्तर्गत गरीव संग विशेश्वर कार्यक्रम

| क्र.स | कार्यक्रम लागु भएका गाविसहरु | समुह संख्या | सदश्य संख्या | वचत रकम रु ( हजारमा) | ऋण लगानी ( रु ह्जारमा) | समुह संख्या | सदश्य संख्या | वचत रकम रु ( हजारमा) | ऋण लगानी (रु ह्जारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आव २०७०/७१ | | | | आव २०७१/७२ | | | |
| १ | मच्छेगाउं | २२ | २७४ | २६८९.४५ | २४४७.४० | २२ | २७३ | ४११८.४३ | प्राप्त नभएको |
| २ | भिमढुङ्गा | ९ | ४२ | ४३१.०० | ३८७.९० | ९ | १२५ | ६६७.९८ | |
| ३ | जितपुरफेदी | ११ | १०५ | ५०२.१८ | ४८७.११ | ११ | ११६ | ५७६.७८ | |
| ४ | इचंगुनारायण | ९ | १३३ | ७१७.०० | ५४४.९२ | ९ | १२९ | १४३३.२८ | |
| ५ | काभ्रेस्थली | ८ | १०१ | १३९.२० | १०४.४० | ८ | १२८ | १७३.४१ | |
| ६ | भ्गोर महांकाल | १० | ११७ | ७४२.१० | ७१२.४२ | १० | १५६ | ३११.०५ | |
| ७ | सेतीदेवी | ११ | १५१ | १२६५.७५ | १०५०.५७ | १२ | १६३ | १६९६.१५ | |
| ८ | टोखा चण्डेश्वरी | ९ | ८१ | १३१.७५ | ९०.९१ | ९ | ८१ | १९७.९१ | |
| ९ | नयांपाटी | १० | ११७ | ९९०.९० | ७८२.८१ | १० | १३४ | १५६६.९९ | |
| १० | गागालफेदी | ११ | ११२ | ४३४.०८ | २८२.१५ | ११ | १२८ | ५५२.४० | |
| ११ | नाङ्गलेभारे | १२ | ११८ | ५३७.७८ | ४४०.९८ | ११ | ११७ | ८०९.३५ | |
| १२ | चाल्नाखेल | ११ | १५८ | २३२०.९२ | १८१०.३२ | ११ | १५५ | १७५७.५० | |
| १३ | साङ्गला | १० | १३५ | ४२२.४५ | ३६३.३१ | ९ | १३५ | ४२२.४५ | |
| १४ | जोरपटी | १४ | २६६ | ७५६.४६ | ६५८.१२ | १४ | २६६ | ७९४.६७ | |
| | जम्मा | १५७ | १९१० | १२०८१.०२ | १०१६३.३२ | १५६ | २१०६ | १५०७८.३३ | |

*स्रोत: वार्षिक प्रगति प्रतिवेदन आ. व २०७१/७२, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

### ३.२.३ सामाजिक विकृति निर्मुल

जिल्लामा सामाजिक विकृति हटाउने काममा विभिन्न संघसंस्थाहरुले कार्य गर्दै आएकाछन् । जिविस काठमाण्डौको नेतृत्वमा महिला वालवालिका कार्यालय, वाल क्लव, दलित, जनजाती संघ, सामाजिक परिचालकहरु, वालकल्याण समिति, महिला सञ्जाल, तथा अन्य संघ संस्थाहरुले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । गाउँ तथा टोल टोलमा रहेका सामुदायिक संस्थाहरु, गैर सरकारी संस्था र अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरुले तालिम, गोष्ठि, धार्मीक, साँस्कृतिक कार्यक्रम, घरदैलो कार्यक्रमहरु सञ्चालन गरी यसलाई सार्थक वनाउने प्रयास गरेको पाईयो । यसका अतिरिक्त महिला दिवस, वाल दिवस, प्रजातन्त्र दिवस तथा जनजाग्रीति कार्यक्रमहरु गरिएको पाईयो ।

विभिन्न सरोकारवालहरु संगको छलफल तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा विगतमा समाजमा देखिएको भेदभाव, वहिष्कृतिकरण, छुवाछुत जस्ता अमानविय विकृतिहरुमा संख्यात्मक रुपमा वढेको पाईए पनि प्रतिसतको आधारमा निकै कम हुदै गएको विचार व्यक्त गरेका थिए । सामाजिक बाल विवाह कम भएको भएतापनि प्रेम विवाहहको कारण कम उमेरमा विवाह हुने क्रम भने रहेको पाईयो भने महिला वेचविखनका घटनाहरु देखा परेकाछन् । राजधानी भित्र देश विदेसका मानिसहरु वस्ने भएको कारण र ती सवैको तथ्याङ्क जिल्लामा समावेस गरिने हुदा संख्या घट्न सकेको छैन ।

विविध कार्यक्रमहरु सञ्चालनको वावजुध पनि छिटपुट रुपमा वाल विवाह तथा छुवाछुत सम्वन्धी भेदभावका घटनाहरु भए । तालिका ८ अनुसार गत आव २०७१/७२ मा वाल विवाहरुको संस्था १८ भएको पाईयो जुन अघिल्लो आवमा १३ थियो । समुह छलफलको आधारमा छुवाछुत तथा सामाजिक भेदभाव निकै कम हुदै गएको पाईएको छ तर पनि करीव २०/२५ प्रतिसत मानिसहरुमा यस्तो भेदभावको सोच भएको रहेको कुरा जानकारी गराईएको थियो ।

**तालिका :८ सामाजिक विकृतिको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| बाल बिवाहको संख्या | १३ | | सामाजिक परिचालन, सरकारी, गैर सरकारी निकाय तथा स्थानीय निकाय विचको समन्वय र सहकार्य, राष्ट्रिय अभियान । | १८ | |
| छुवाछुत तथा सामाजिक भेदभाव | छुवाछुत तथा सामाजिक भेदभाव न्युन हुदै गएको । | | | छुवाछुत तथा सामाजिक भेदभाव न्युन हुदै गएको । | |

*स्रोत: वालवालिकाको लागि सहयोगी हात, काठमाण्डौ ।*

**३.२.४ सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्वोधन**

जिविस काठमाण्डौ र स्थानीय निकायहरु लगायत महिला वालवालिका कार्यालय, विभिन्न गैर सरकारी संस्था, सामुदायिक संस्था, गठित विभिन्न समुहहरु, राजनैतिक दल आदी सामाजिक सुरक्षाको व्यवस्था वारे आम जनतामा चेतना फैलाउने कार्यमा लागी परेका पाईयो । स्थानीय निकायहरुले सामाजिक सुरक्षाको दायरामा पर्ने जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती जस्ता नागरिकहरुको तथ्याङ्क अद्यावधि गर्ने र सोको आधारमा योजना वनाई राज्यद्धारा प्राथमीकतामा राखेको सामाजिक सुरक्षा कार्यक्रमलाई यथोचित सम्वोधन गरेको पाईयो ।

स्थानीय निकायहरुले हरेक साल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको तथ्याङ्क अद्यावधि गर्ने तथा लगत कट्टा समेत गर्ने गरेको देखियो । तालिका ९ अनुसार क्रमशः ९६६४, २०, ९१९३, ८२१, ५२५ जेष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्ग, दलित वालवालिका भएको देखिएको छ र ती सवैले तोकिएको सुविधा प्राप्त गरेको पाईयो । गत आ.व। २०७०/७१ ९७१२ जेष्ठ नागरिक, ९५६५ एकल महिला, ५९० अपाङ्ग, ११ पिछडिएको लोपोन्मुख जातीका नागरिकहरु भएका र ती सवैले प्राप्त गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका थिए ।

**तालिकाः ९ सामाजिक सुरक्षाको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | जम्मा संख्या | समेटिएका संख्या | | जम्मा संख्या | समेटिएका संख्या |
| जेष्ठ नागरिक | ९७१२ | ९७१२ | गाविस तथा नगरपालिका र वार्ड तहमा जनचेतना कार्यक्रम सञ्चालन, घरधुरी सर्वेक्षण, राजनैतिक दल, सामाजिक कार्यकर्ता, गैसस तथा सामुदायिक संस्थाहरु संगको सहकार्यमा यथार्थ तथ्याङ्क संकलन, सामाजिक परिचालन । | ९६६४ | ९६६४ |
| एकलमहिला | २३ | २३ | | २० | २० |
| विधवा | ९५४५ | ९५४५ | | ९१९३ | ९१९३ |
| अपांग | ५९० | ५९० | | ८२१ | ८२१ |
| दलित बालबालिका | २१० | २१० | | ५२५ | ५२५ |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०७०/७१ र आव २०७१/७२ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

तालिका १० अनुसार गत आव २०७१/७२ मा कूल ११२ छात्रवृत्ति वितरण भएकोमा २७.६८ प्रतिसत विपन्न जेहन्दार, २६.७९ प्रतिसत जनजाती, २६.७९ प्रतिसत महिला, २० प्रतिसत दलित र १ प्रतिसत अपाङ्ग छात्रवृत्ति वितरण भएको थियो । आव २०७०/७१ मा जिविसले प्रमाणपत्र तह, कक्षा ११ का १५/१५ विपन्न जेहन्दार, जनजाती, महिलाहरु, १२ जना दलित र १ जना मधेसी तथा स्नातक तहमा

१५/१५ विपन्न जेहन्दार, महिला, १४ जान जनजाती, ५ जना दलित र १ जना अपाङ्गलाई छात्रवृत्ति वितरण गरेको पाईयो ।

**तालिकाः १० छात्रवृत्ति कार्यक्रम**

| क.स | विवरण | संख्या | | जम्मा | |
|---|---|---|---|---|---|
| | | कक्षा ११ | स्नातक तह | संख्या | प्रतिसत |
| १ | विपन्न जेहनदार | १२ | १९ | ३१ | २७.६८ |
| २ | जनजाती | १५ | १५ | ३० | २६.७९ |
| ३ | महिला | १५ | १५ | ३० | २६.७९ |
| ४ | दलित | १० | १० | २० | १७.८६ |
| ५ | अपाङ्ग | ० | १ | १ | ०.८९ |
| ६ | मधेसी | ० | ० | ० | ०.०० |
| | जम्मा | ५२ | ६० | ११२ | १००.०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०७०/७१ र आव २०७१/७२ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

लक्षित वर्ग उत्थान कार्यक्रम अन्तर्गत सञ्चालिक कार्यक्रमहरु मध्ये २६.३९ प्रतिसत बालबालिका, ४३.३४ प्रतिसत आदीवासी जनजाती र ३०.२७ प्रतिसत महिला लक्षित कार्यक्रमहरु कार्यान्वयन भए । यी कार्यक्रमहरुमा कम्प्युटर तालिम, पत्रकारिता तालिम र २० आदीवासि जनजातीलाई स्वरोजगार मूलक तालिम, कृषि, पशुपालन, सिलाईकटाई, सामुदायिक भवन, वालक्लव सहयोग आदी कार्यक्रम सञ्चालनमा आएका थिए । यी सवै कार्यक्रमहरुले लक्षित वर्ग विकासका क्षेत्रमा सुधारका संकेतहरु देखा परेकाछन् ।

**तालिकाः ११ लक्षित वर्ग उत्थान सम्वन्धी कार्यक्रमहरु**

| विवरण | **गत बर्षको अवस्था** | | प्रयास | **उपलब्धि** | |
|---|---|---|---|---|---|
| | समेटिएको कार्यक्रम संख्या | प्रतिसत | | समेटिएको कार्यक्रम संख्या | प्रतिसत |
| बालबालिका लक्षित | ५९ | ३१.४ | | १०९ | २६.३९ |
| आदीवासि, जनजाती, उपेक्षित, उत्पिडित दलित वर्ग उत्थान | ६८ | ३६.२ | कृषि, पशुपालन, कम्प्युटर तालिम, पत्रकारिता तालिम | १७९ | ४३.३४ |
| महिला | ६१ | ३२.४ | | १२५ | ३०.२७ |
| कूल जम्मा | १८८ | १००.० | | ४१३ | १००.०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आव २०७०/७१ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

**३.२.५ बाल श्रमको अवस्था**

तालिका १२ अनुसार जिल्लामा कुल १२५९१ बाल श्रमीक रहेका छन जस मध्ये ५७.२९ प्रतिसत बालक र ४२.१ प्रतिसत बालिका भएको पाईयो । गत आव २०७०/७१ मा कूल १२१८१ बाल श्रमीक मध्ये वालक ५६.९ प्रतिसत र बालिका ४३.१ प्रतिसत थिए । समुह छलफलमा आएको निचोड अनुसार घरेलु श्रमीकमा वढी बालिका र उद्योग, क्याटरीङ्ग जस्ता प्रतिष्ठानहरुमा बढी बालक भएको पाईयो । बाल श्रमको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन हुदै आएको भए पनि यसको अवस्थामा आशा गरिए अनुसारको उपलब्धि प्राप्त हुन सकेको छैन । खास गरी बालिकाहरु व्यक्तिगत घर तथा बालकहरु होटल, क्याटरिङ्ग, उद्योग कलकारखाना, व्यापारिक प्रतिष्ठानमा वढी भएको पाईयो ।

**तालिकाः १२ बाल श्रमको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| बालिका | ५२३८ | ४३.१ | सामाजिक परिचालन, चेतना मुलक कार्यक्रमहरु, सामुदायिक संस्थाहरुसंगको सहकार्य आदी । | ५३७८ | ४२.७१ |
| बालक | ६९४३ | ५६.९ | | ७२१३ | ५७.२९ |
| जम्मा | १२१८१ | | | १२५९१ | |
| बाल क्लवहरूको संख्या | २१८ | | | २२४ | |

*स्रोतः सिविन वेवसाईट २०१५ ।*

**३.२.६ गरिवी निवारणका प्रयासहरू**

स्थानीय निकाय तथा पुर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने सरकारी निकायहरुले सडक, पुल, सिंचाई जस्ता क्षेत्रमा आफूलाई केन्द्रित गरेको र अन्य निकायहरुले ती पुर्वाधारको उपयोग गरी आय आर्जन र रोजगारी अभिवृद्धिका कार्यमा काम गरेको पाईयो । गरिवी निवारणका क्षेत्रमा जिल्लामा विभिन्न संघसंस्थाहरु कार्यरत भएको पाईयो । स्थानीय निकायहरु लगायत विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रका संघ संस्थाहरुले सञ्चालन गरेका विभिन्न कार्यहरुले गरिवी निवारण कार्यमा सहयोगीसिद्ध भएको पाईयो । ती कार्यक्रमहरुवाट स्वरोजगार अभिवृद्धि तथा रोजगारी सिर्जना गर्न उल्लेख्य वातावरण तयार गरेको देखियो ।

तालिका १३ मा उल्लेख भए वमोजिम जिल्लमा आव २०७१/७२ मा कूल ९६४ योजनाहरु सञ्चालन भए जस मध्ये ६३.३८ प्रतिसत पुर्वाधार विकास र ३६.६२ प्रतिसत सामाजिक विकासका योजना थिए । जव कि आ.व २०७०/७१ मा पुर्वाधार विकासका ७२.६७ र सामाजिक विकासका २७.३३ प्रतिसत योजना थिए । यसरी हेर्दा जिविसले सामाजिक विकासको कार्यलाई पनि प्राथमीकतामा राखेको देखियो । आव २०७१/७२ मा कूल सम्पन्न भएका योजनाहरु ४८३ मध्ये ७५.३५ प्रतिसत सामाजिक विकास र ३५.५२ प्रतिसत पूर्वाधार विकासका थिए ।

**तालिकाः १३ जिल्लमा सञ्चालित विकासका योजनाहरु**

| विवरण | गत आव | | यस आव | | सम्पन्न योजना (यस वर्ष) | |
|---|---|---|---|---|---|---|
| | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत |
| पुर्वाधार विकास | ४७६ | ७२.६७ | ६११ | ६३.३८ | २१७ | ३५.५२ |
| सामाजिक विकास | १७९ | २७.३३ | ३५३ | ३६.६२ | २६६ | ७५.३५ |
| जम्मा | ६५५ | १००.०० | ९६४ | १००.०० | ४८३ | ५०.१० |

*स्रोतः वार्षिक प्रगति पुस्तिका , आ.व. २०७०/७१र आ.व २०७१/ ७२ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

## क) पुर्वाधार विकास

जिविस काठमाण्डौले पुर्वाधारका विकासका विभिन्न योजनाहरु सञ्चालन गरी समग्र विकासको वातावरण तयार गर्न प्रयास गरेको देखिन्छ । पूर्वाधार विकासमा नयां सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई, विद्यालय भवन निर्माण तथा मर्मत, सडक वत्ति, सौर्य वत्ति, पर्यटन स्थलहरुको मर्मत तथा प्रवर्द्धन जस्ता योजनाहरु सञ्चालन गरेको देखियो । तालिका १४ अनुसार जिविसले आव २०७१/७२ मा सञ्चालन गरेका कूल ६११ पुर्वाधार विकासका योजनाहरु मध्ये ५७ प्रतिसत सडक, १२.७७ प्रतिसत भवन, १०.८ प्रतिसत खानेपानी, ४.९१ प्रतिसत सौर्यवत्ति, २.१३ प्रतिसत प्रतिसत सिंचाईका योजनाहरु रहेका थिए । जुन अघिल्लो आवमा क्रमशः ६९.९६, १०.०८, १०.९२, ०.२१ र २.१ प्रतिसत थिए । यसरी जिविसले सडक विकास र विस्तारलाई दुवै आर्थिक वर्षहरुमा प्राथमीकतामा राखेको पाईयो ।

**तालिकाः १४ पुर्वाधार विकासका योजनाहरु**

| विवरण | गत आव | | यस आव | | सम्पन्न योजना (यस वर्ष) | |
|---|---|---|---|---|---|---|
| | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत |
| सडक | ३३३ | ६९.९६ | ३४१ | ५५.८१ | २१७ | ६३.६४ |
| सडक मर्मत | ० | | ६ | ०.९८ | २ | ३३.३३ |
| कल्भर्ट | ० | | ११ | १.८० | ८ | ७२.७३ |
| झोलुङ्गे पुल | ९ | १.८९ | ६ | ०.९८ | ० | ०.०० |
| पक्की पुल | ० | | ५ | ०.८२ | १ | २०.०० |
| खानेपानी | ५२ | १०.९२ | ६६ | १०.८० | ४४ | ६६.६७ |
| सिंचाई | १० | २.१० | १३ | २.१३ | १० | ७६.९२ |
| भ्वन | ४८ | १०.०८ | ७८ | १२.७७ | ५४ | ६९.२३ |
| पहिरो नियन्त्रण | ० | | ३ | ०.४९ | २ | ६६.६७ |
| ढुङ्गा छपाई | ० | | ४ | ०.६५ | ४ | १००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यालय भौतिक सुधार | ० | | ३ | ०.४९ | ३ | १००.०० |
| पर्यटन विकास | २२ | ४.६२ | ९ | १.४७ | ७ | ७७.७८ |
| गुम्वा मर्मत | ० | | १ | ०.१६ | ० | ०.०० |
| खेलकुद | १ | ०.२१ | २० | ३.२७ | १६ | ८०.०० |
| सिसि क्यामेरा | ० | | २ | ०.३३ | २ | १००.०० |
| सडक वत्ति | ० | | १३ | २.१३ | १३ | १००.०० |
| विद्युत विकास (सौर्य वत्ति) | १ | ०.२१ | ३० | ४.९१ | २८ | ९३.३३ |
| कुल जम्मा | ४७६ | १००.०० | ६११ | १००.०० | ४११ | ६७.२७ |

*स्रोत: वार्षिक प्रगति पुस्तिका , आ.व. २०७०/७१र आ.व २०७१/ ७२ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं ।*

## ख) सामाजिक विकास

जिविसले पुर्वाधार विकासको साथै सामाजिक विकासको क्षेत्रमा पनि काम गर्दै आएको देखिन्छ । तालिका १५ गत आवमा सञ्चालित कुल योजनाहरु मध्ये ३६.६२ प्रतिसत योजनाहरु सामाजिक विकासका थिए । जम्मा ३५३ सामाजिक विकासका आयोजनाहरु मध्ये ५०.४३ प्रतिसत धार्मीक, सास्कृतक सम्पदा संरक्षण, ३१.४४ प्रतिसत शिक्षा विकास, ७.०८ प्रतिसत, आय आर्जन (कृषि व्यवसाय र पशुपालन सम्वन्धी तालिम, ४.३४ प्रतिसत चेतनामूलक कार्यक्रमहरु, थिए । ती आयोजनाहरु अन्तर्गत समुह गठन, कृषि व्यवसाय तथा पशुपालन तालिम, कुरीलो खेती, च्याउ खेती, तरकारी खेती, मैन वत्ति, सिलाई कटाई तालिम तथा प्रसार सेवा, कम्पुटर तालिम, लैङ्गिक समानता, सामाजिक समावेशीकरण तालिम आदी उपलब्ध गराएको देखिन्छ । यसरी जिल्ला विकास समितिले पुर्वाधार तथा सामाजिक विकासलाई संग संगै लैजाने प्रयास गरेको देखिन्छ ।

**तालिका: १५ सामाजिक विकासका योजनाहरु**

| विवरण | गत आव | | यस आव | | सम्पन्न योजना (यस वर्ष) | |
|---|---|---|---|---|---|---|
| | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत |
| धार्मीक, सास्कृतक सम्पदा संरक्षण | ७० | ३९.१०६ | १७८ | ५०.४२ | ११७ | ६५.७३ |
| आय आर्जन (कृषि व्यवसाय र पशुपालन सम्वन्धी तालिम | १५ | ८.३७९९ | २५ | ७.०८ | २३ | ९२.०० |
| चेतनामूलक कार्यक्रमहरु | ० | ० | १६ | ४.५३ | १६ | १००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शिक्षा /विद्यालय भौतिक सुधार | ७६ | ४२.४५८ | १११ | ३१.४४ | ८९ | ८०.१८ |
| संस्थागत भौतिक सुधार | | | १२ | ३.४० | १२ | १००.०० |
| सरसफाई र फोहरमैला व्यवस्थापन | | | ३ | ०.८५ | ३ | १००.०० |
| सर्वेक्षण | ० | | २ | ०.५७ | २ | १००.०० |
| विविध सामाजिक विकास ( सामाजिक परिचालन, समुह गठन आदी) | १८ | १०.०५६ | ६ | १.७० | ४ | ६६.६७ |
| कुल जम्मा | १७९ | १०० | ३५३ | १००.०० | २६६ | ७५.३५ |

*स्रोतः वार्षिक प्रगति पुस्तिका , आ.व. २०७०/७१र आ.व २०७१/ ७२ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

विकास निर्माणका कामहरुमा जिविसले आम नागरिकहरुको सहभागिता वढाउने गरेको पाईयो । तालिका १६ अनुसार जिविसले गत आवमा सञ्चालन गरेका कूल ९६४ योजनाहरु मध्ये २३.६५ प्रतिसत योजनाहरु मात्र ठेकेदार मार्फत गर्ने गरेको र वाकि सवै योजनाहरु कुनै न कुनै तरिकाले जनसहभागिता (उपभोक्ता समिति, गैसस, सामुदायिक संस्था, टोल सुधार समिति आदी) मार्फत गर्ने गरेको पाईयो । अघिल्लो आवमा भने कूल योजनाको ५.५ प्रतिसत योजनाहरु ठेकेदार मार्फत सञ्चालन गरिएका थिए । यसवर्ष सडकका योजना सख्या वढी भएको कारण ठेकेदार मार्फत वढी योजना सञ्चालन भएको देखिएको हो । जनसहभागितामा आधारित कार्यक्रमहरु, शिक्षा, खानेपानी, जस्ता आयोजनाहरु खास गरी उपभोक्ता समितिहरु र सडक उपभोक्ता समिति र ठेक्का तथा विद्युत, झोलुङ्गे पुल जस्ता योजनाहरु ठेक्कावाट गरेको पाईयो । यसरी जिविसले नागरिकहरुको प्रत्यक्ष संलग्नतामा योजनाहरु सञ्चालन गर्ने गरेको पाईयो ।

जिल्ला विकास समितिले अधिल्लो आवको तुलनामा गत आवमा निकै वढी योजनाहरु सञ्चालन गरेको पाईयो । जिविसको आन्तरीक स्रोत तथा वाह्य स्रोत पनि वढेकोले योजनाहरुको संख्या वढेको साथै सांसद विकास कोष मार्फत पनि योजनाको संख्या वढेकोले कूल योजनाको संख्या वढेको हो ।

**तालिकाः १६ योजना सञ्चालनमा समुदायको संलग्नता**

| योजना सञ्चालन गर्ने निकाय | गत आव | | यस आव | | यसवर्षको सम्पन्न योजनाहरु | |
|---|---|---|---|---|---|---|
| | योजना संख्या | प्रतिसत | योजना संख्या | प्रतिसत | योजना संख्या | प्रतिसत |
| जिल्ला विकास समिति ( उपभोक्ता समिति मार्फत) | २८७ | ४३.८२ | ९४ | ९.७५ | ५५ | ५८.५१ |
| ठेकेदार | ३६ | ५.५० | २२८ | २३.६५ | १५२ | ६६.६७ |
| केन्द्रिय योजना | १९ | २.९० | ० | ०.०० | ० | ०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जिविस आन्तरिक स्रोत | १५२ | २३.२१ | ३३६ | ३४.८५ | २३६ | ७०.२४ |
| गाविस मार्फत (उपभोक्ता समिति) | ५ | ०.७६ | ० | ०.०० | ० | ०.०० |
| सांसद विकास कोष /निर्वाचन क्षेत्र विकास(उपभोक्ता समिति) | १५६ | २३.८२ | ३०६ | ३१.७४ | २३४ | ७६.४७ |
| जम्मा | ६५५ | १००.०० | ९६४ | १००.०० | ६७७ | ७०.२३ |

*स्रोतः वार्षिक प्रगति पुस्तिका , आ.व. २०७०/७१र आ.व २०७१/ ७२ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

### ग) आय आर्जन र रोजगारी प्रर्वधन

जिल्लामा स्थानीय निकाय लगायत केन्द्रिय योजना तथा विषगत कार्यालय, गैर सरकारी संस्था तथा नीजि क्षेत्रवाट विविन्न पुर्वाधार विकास र सामाजिक विकासका कार्यहरु सञ्चालन भएका थिए । पूर्वाधार विकासका कार्यहरुले सामाजिक विकासका द्धारहरु खोलेको र तीनै पुर्वाधारहरुको उपयोग वाट सेवा र वस्तुको पहँचवृद्धि हुन गई सामाजिक विकासका अभिवृद्धि भएको पाईन्छ । तालिका १७ मा उल्लेख गरि बमोजिम कृषि तथा पशुपालनमा भएको व्यवसायिकीकरण, साना तथा घरेलु उद्योगहरुको स्थापना, व्यापार विविधिकरणको कारण गाउँ गाउँमा जीविकोपार्जन सुधारका किरणहरु देखिएकाछन् । जीविकोपार्जनका कार्यक्रमहरुमा कृषि, पशुपालन तथा विभिन्न गैर कृषि व्यवसायहरु सञ्चालन सम्वन्धि तालिम, यस्ता कार्यक्रम सञ्चालनको लागि अनुदान कार्यहरु सचालन हुदै आएकाछन् । महिलाहरुका लागि सिलाईकटाई, अचार, मैन वत्ति वनाउने, कम्पुटर तालिम जस्ता कार्यक्रमहरु मार्फत महिला आर्थिक विकास द्धारा महिला सशक्तिकरण कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ ।

सांसद विकास कोष मार्फत पनि विभिन्न सामाजिक विकासका योजनाहरु सञ्चालन गरिएको पाईयो । महिला उद्यमशिलता, क्षमता अधिवृद्धि तथा आय आर्जन, उद्धोषण तालिम, प्राङ्गारीक कृषि विस्तार, धुप वनाउने तालिम, ड्राईभिङ्ग, दालमोठ वनाउने, अचार वनाउने,, सिकर्मी, डकर्मी, सुरक्षित आवस निर्माण शिक्षा कार्यक्रम, भूकम्प पिडितका लागि मनोवैज्ञानिक परामर्श, लागु पदार्थ दुर्वेशनी विरुद्ध चेतनामूलका कार्यक्रम, आमा समुहका लगि सीपमूलक तालिम, सितारा भरेको व्याग वनाउने, मखमलको जुत्ता वनाउने, व्युटिसियन तालिम, पाठेघर तथा स्तन क्यानसर सम्वन्धी चेतनामूलक कार्यक्रम, मनोरोग उपचार तथा पुनरस्थापना केन्द्र स्थापना सहयोग, टेरीवियर वनाउने तालिम जस्ता योजनाहरु यस कोषवाट सञ्चालन गरेको पाईयो ।

## तालिकाः १७ गरिवी निवारणका प्रयासहरू

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| जिल्ला विकास समितिको कार्यालय | काठमाण्डौ जिल्लामा जिविस काठमाण्डौले गरिवि निवारणका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । गरीव संग विशेश्वर कार्यक्रम तथा अन्य विषयगत कार्यालयहरु जिल्ला कृषि, पशु, महिला, वालवालिका, घरेलु तथा साना उद्योग, तथा अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरु संग समन्वय र सहकार्य गरी स्वरोजगार सिर्जना गर्न विभिन्न सीप विकास तथा आय आर्जनका तालिम, प्रसार सेवा, नगद तथा वस्तु अनुदान दिने व्यवस्था गरेको छ । त्यसै गरि समुह सुदृढीकरण कार्य अन्तर्गत वचत परिचालन गरी समुह विस्तार कार्यलाई प्राथमीकता दिएकोछ । यस्ता सामाजिक विकासका कार्यहरु सञ्चालनका लागि पुर्वाधार विकासका कार्यहरुले सेवा र वस्तुमा पहुँच वृद्धि गरेको पाईन्छ । | जिविसले गरिव संग विशेश्वर कार्यक्रम मार्फत १५६ समुह सदश्यहरुवाट रु १ करोड ५० लाख ७८ हजार ३ सय ३० वचत गरी त्यसको ८० प्रतिसत भन्दा वढी रकम लगानी भएको पाईएको छ । यस्तो लगानीवाट २५ वटा कृषि उद्यम विकास, १५ वटा पशु उद्यम विकास, १२ कृषि सामग्री विक्रि र ७८ जनाले गैर कृषि क्षेत्र (पसल, मैन वत्ति, अचार, सिलाई, व्रिकेट) गरी जम्मा १२० नागरिक स्वरोजगारी वनेको देखिन्छ । अप्रत्यक्ष रुपमा १००० भन्दा वढी परिवार लाभान्वित भएको आकलन गरिएको छ । |
| जिल्ला कृषि विकास कार्यालय | जिल्ला कृषि विकास कार्यालय काठमाण्डौले स्वास्थ्यकर उत्पादन र दीगो विकास, व्यवसायिक प्राङ्गारीक खेती उत्तम निकासको नारा दिई कृषि विकासका विभिन्न कार्यहरु गर्दै आएको छ । समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना, कृषि सूचना तथा सञ्चार, बाली विकास कार्यक्रम, वीजवृद्धि र वासनादार धान, मत्य विकास कार्यक्रम, बाली संरक्षण कार्यक्रम, विशेष कृषि उत्पादन कार्यक्रम, युवा लक्षित कार्यक्रम ( तरकारी र च्याउ), सहकारी खेती, साना सिंचाई तथा मल वीउ ढुवानी, कृषि प्रसार र कृषि व्यवसाय प्रवर्द्धन तथा | हाल सम्ममा जिल्ला कृषि विकास कार्यालय काठमाण्डौले १५० जना कृषकहरुलाई ब्यवसायिक कृषक पहिचान पत्र वितरण, १८७ वटा व्यवसायिक कृषि फार्म सूचीकृत, प्राङ्गारीक खेतीको लागि १२ वर्षे रणनीति वनाई कार्यक्रम शुरु गरेको, जिल्ला स्तरीय प्राङ्गारीक खेती सञ्जाल निर्माण ५० वटा नमूना प्राङ्गारीक फार्म स्थापना, १० वटा प्राङ्गारीक आउटलेट सञ्चालन, कृषक समूह र सहारी संस्थालाई ८३ वटा पावर टिलर वितरण गरेको छ । यस्ता कार्यहरुवाट उद्यमी कृषक तथा व्यवसायिक फार्महरुको वृद्धि भएकोछ, |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | वजार विकास कार्यक्रमहरु सञ्चालमा ल्याएको छ । त्यसै गरी प्लास्टिक घर निर्माणको लागि ५० प्रतिसत अनुदान, व्यवसायिक फूल खेतीको सुरुवात, प्राङ्गारीक खेतीको लागि भकारो सुधार, जैविक विषदीको प्रयोग, स्थानीय स्तरमा उत्पादन गरीने प्राङ्गारीक मलमा अनुदान जस्ता कार्यहरु सञ्चालनमाछन् । | ८९० मे.ट. गोलभेडा जिल्लावाट निकासी भएको छ साथै खाद्य सुरक्षा, आय आर्जनमा वृद्धि भएको छ । अस्थाई र स्थाई गरी ८,६०० कृषि मजदुरले रोजगारी पाएको, फलफुल खेतीवाट ९ करोडको आम्दी भएको, व्रजयोगीनी र लम्पिफेदी क्षेत्रका किसानहरुले बार्षिक ७ करोड २६ लाख भन्दा वढी आम्दानी गर्न सफल भएकाछन् । ९७० मे.ट. च्याउ उत्पादन भई किसानहरुले ८ करोड २० लाख आम्दानी गरेको, मैरीपालनवाट १० करोड, अन्य तरकारी ११,००० मे.ट. उत्पादन भई २० करोड ५० लाख आम्दानी भएको छ भने थप १२९ हेक्टर क्षेत्रफलमा सिंचाई पुगी १५४५ घरधरी लाभान्वित भएकाछन् । यी कार्यहरु सम्पादनमा ६९ महिला, ११ पुरुष र ११३ मिश्रित गरी जम्मा १९३ कृषक समूह सक्रिय रहेकाछन् । |
| जिल्ला पशु सेवा कार्यालय | पशु उत्पादन कार्यक्रम, कृत्रिम गर्भाधान, समादायिक प्रजनन केन्द्र विस्तार, पशुफार्म स्थापना, सुदृढीकरण र सञ्चालन सहयोग, पशुसेवा तालिम,समुह गठन्न परिचालन, सहकारीकरण, शुसासन, पशुसेवा प्रसार, पशु स्वास्थ्य कार्यक्रम, सार्वजनीक नीजि कार्यक्रम, पकेट प्याकेज कार्यक्रम, पशु आहार विकास राष्ट्यि अभियान, युवा लक्षित विशेष पशु उत्पादन कार्यक्रमहरु, पशु उत्पादन विक्रि वितरण सहयोग कार्यक्रमहरु समेत सञ्चालनमा आएका थिए । ६८ हजार गाईभैसीलाई खोत, २६ हजार वंगुरलाई स्वाईन फिभर, ३१ ह्जार भेडावाखालाई पिपिआर र २५ | ह्ाल सम्ममा १८० वटा गाई फार्म, ८५ वटा व्यवसायिक बाखा फार्म, ७० वटा वंगुर फार्महरु सञ्चालनमा रहेका छन् । जसवाट दूध उत्पादनमा ८.१८ प्रतिसत र मासु उत्पादनमा ६ प्रतिसतले वृद्धि भएको छ । व्यवसायिक पशुपालनवाट २१२५ मानिसरुले प्रत्यक्ष रोजगारी पाएकाछन् । विशेष खोप कार्यक्रम सञ्चालनवाट पशुहरुमा गत आवमा ५ पटक आउट व्रेक भएकोमा यस वर्ष २ पटक मात्र भएको । पशु उत्पादनमा उल्लेख्य वृद्धि हुनमा यो कार्यक्रमको पनि योगदान भएको पाईयो । घास स्रोत विकास कार्यक्रमवाट ८.५ क्वीन्टल जै घासको |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | हजार कुकरलाई एन्टीरेवीज खोप लगाईएको । | वीउ उत्पादन भएको छ । गत आ.व २०७१/७२ मा जिल्लामा कूल ३ अर्व ३८ करोड ३३ लाख वरावरको पशु उत्पादन (दुध, मासु, फुल) भएको देखिन्छ । यस कार्यको लागि ४९ महिला, २ पुरुष र ६५ मिश्रित गरी जम्मा ११६ कृषक समुह सक्रिय रहेकाछन् । |
| घरेलु तथा साना उद्योग कार्यालय | कपाल कटाई, आलु चिप्स, मैनवत्ती, फेसन डिजाईन, क्रिष्टल गहना, व्युटीसियन, सिलाई कटाई, वेकरी, अचार तालिम, अगरवत्ति तालिम, साझेदारी उद्यम विकास तालिम, उद्यम विकास तथा रोजगारी सिर्जना तालिम सञ्चालन गरिएको थियो । | यी कार्यक्रमहरु सञ्चालवाट १६० रोजगारी सिर्जना भएकोमा साझेदारी उद्यमी ९८ भएको पाईयो । |
| महिला तथा वालवालिका कार्यालय | जिल्ला भरका सवै महानगर तथा नगरपालिकाहरुमा सामाजिक परिचालन वचत संकलन र वचत परिचालन । महिला सहकारी मार्फत आय आर्जन कार्यक्रम (च्याउ खेती, तरकारी खेती, फूल खेती, वाख्रा पालन, कुखुरा पालन, कुशन वनाउने, वेकरी तालिम, कुक लालिम, व्युटी पार्लर, स्वास्थ्य सिविर, वर्थिङ्ग सेन्टर निर्माणमा सहयोग, अपाङ्गता, आथ पुनर्रस्थापनामा सहयोग, लैङ्गिक हिंसा निवारण, वाल समिति गठन आदी सञ्चालन गरेको । | २४६ जनालाई विभिन्न तालिम सञ्चालन गरी स्वरोजगारी सिर्जन ागर्ने कार्यमा सहयोग गरेको पाईयो । कूल ७२८ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरेको (३२९ महिला, ३९९ पुरुष), ४० जना अपाङ्गता भएकाहरुलाई लोकसेवा आयोग तयारी कक्षा सञ्चालन भएको । सवै महानगर तथा नगरपालिकाहरुमा सञ्चालन गरेको वचत कार्यक्रमवाट कूल ७१ लाख ८ हजार ५ सय शेयर रकम, रु ११ करोड ८३ लाख ९१ ह्जार वचत गरी जम्मा रु १० करोड ६३ लाख ८५ हजार लगानी गरेको । यसवाट करीव ५७५ रोजगारी सिर्जना भएको । |
| डिभिजन सहकारी कार्यालय | सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम, आधारभूत सहकारी व्यवस्थापन तालिम, अन्तर जिल्ला सहभागितात्मक सहकारी अवलोकन कार्यक्रम, पुर्व सहकारी शिक्षा तथा | |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | सहकारीकरण कार्यक्रम, सहभागितात्मक लेखापाल तालिम, सहकारी व्यवसाय प्रर्वद्धन गोष्ठि (पर्यटन, दुग्ध, मह, जुनार, उपभोक्ता, विद्युत, चिया) जस्ता कार्यक्रमहरु सञ्चालन भएको । | |
| जिल्ला वन कार्यालय | हरितरोजगार उद्यम, रेकर्ड किपिङ्ग तालिम, गैरकाष्ठ उद्यम, वन विकास योजना तर्जुमा,, विरुवा उत्पादन, नर्सरी मर्मत, वृक्षरोपण, उद्यान निर्माण, सामाजिक परिचालन, उपभोक्ता समूह गठन, वन कार्य योजना तयारी, शहरी वन विकास कार्यक्रम, कवुलयति वन समुह गठन जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको थियो । | |
| खानेपानी तथा ढल निकास विभाग क्षेत्रिय अनुगमन तथा सुपरीवेक्षण कार्यालय । | खानेपानी तथा सरसफाई कार्यक्रम, उच्च तथा मध्यम स्तरीय ठूला खानेपानी योजना, खानेपानी पुनरस्थापना, खानेपानी गुणस्तर सुधार जस्ता आयोजनाहरु सञ्चालन गरेको । गाउँ तथा नगर खानेपानी तथा सरसफाई समन्वय समितिको गठन, वातावरणीय सरसफाई प्रवर्द्धन गर्नको लागी प्यान र पाईप वितरण गरिएको । खुला दिशा मुक्त क्षेत्र घोषणा अभियान सञ्चालन । २७.१८ किमि पाईप वितरण, ११ ईन्टेक, ३६ पाइप्लाईन जडान, १२ पानी पोखरी निर्माण, २१ सार्वजनिक धारा जडान गरेको । | स्वच्छ खानेपानी ९५.६१ प्रतिसत र चर्पी सुविधा ९२.१६ प्रतिसत नागरिकहरुलाई पुगेको । ग्रामीण भेगका नागरिकहरुले खेर गएको पानीको प्रयोगवाट तरकारी खेती गर्न लागिएको र केही नागरीकहरुले पानी संकलन गर्न लाग्ने समय वचत गरी वाखा पालन, तरकारी खेती गर्न थालेको तर एकिन तथ्याङ्क नभएको । |
| मध्यमाञ्चलन सिंचाई विकास डिभिजन कार्यालय | सामुदाय द्धारा व्यवस्थित कृषि क्षेत्र सिंचाई आयोजना, मभ्र्यौला सिंचाई योजना, नन कन्भेन्सनल प्रविभि सिंचाई तथा मर्मत सम्भार योजना सञ्चालन । | |
| जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | नदी नियन्त्रण, नदी किनार संरक्षण कार्यक्रम । | |

*स्रोत: स्रोत: वार्षिक प्रगति प्रतिवेदन आ.व २०७०/७१, र आ.व २०७१/७२, जिल्ला विकास समितिको कार्यालय, र सम्वन्धित विषगत कार्यालयहरु, काठमाण्डौ*

यसका अलावा नवगठित सवै ९ नगरपालिकाहरुमा गाविसहरुमा सामाजिक परिचालन कार्यक्रम मार्फत नागरिकहरुलाई सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रवाट उनीहरुलाई प्राप्त हुन सक्ने सेवा, सुविधाको वारेमा चेतना फैलाउने कार्य भई रहेको छ । त्यसै गरी जिल्लामा ३० भन्दा वढि अन्तराष्ट्रिय तथा राष्ट्रिय गैससहरुले सामाजिक विकासको क्षेत्रमा काम गरेको देखिन्छ । यिनीहरुले फोहमैला व्यवस्थापन, खानेपानी, कृषि, पशु, वन, सिंचाई, स्वास्थ्य, शिक्षा र गैर कृषि रोजगारी प्रवर्धनको लागी काम गरेको देखिन्छ ।

## *३.३ विकासमा समान सहभागीताको क्षेत्र*

### ३.३.१ जिल्ला विकास समिति

डिपीमास सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याई जिलाा विकास समितिको कार्यालय काठमाण्डौले कुन वर्ग, क्षेत्र, लिङ्गका नागरीकहरुले सेवा सुविधा प्राप्त गर्न सकेकाछन् र विकास निर्माणका कार्यमा उनीहरुको के कस्तो सहभागिता हुदै आएको छ भन्ने कुराको तथ्याङ्क राख्ने परिपाटी वसेको छ । यसले सेवा प्राप्त गर्ने नागरिकहरुको विभिन्न सूचकहरुलाई समावेश गरेकोछ । विकासका कार्यहरुमा विभिन्न जात जाती, वर्ग, समुदाय, लिङ्गका नागरिकहरुको सहभागीतालाई सुनिश्चत गरेको छ । उपभोक्ता समितिहरुको गठन, त्यसमा रहने पदाधिकारीहरुको चयन तथा लाभान्वितहरुको छनौट आदी कामहरुमा नेपाल सरकारले अवलम्बन गरेको नीति नियमहरुलाई परिपालना गरेको देखिन्छ । सवै उपभोक्ता समितिहरुमा ३३ प्रतिसत महिला तथा जनजाती तथा विपन्न वर्गका नागरिकहरुलाई विकासमा सहभागी गराउन प्रयास गरेको पाईयो ।

### ३.३.२ विषयगत कार्यालयहरु

जिल्लामा रहेका विषयगत कार्यालयहरुले पनि सम्वन्धित मन्त्रालयहरुको नीति नियमहरु र निर्देशनहरुको परिपालना गरी कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, वन कार्यालय, शिक्षा कार्यालय, महिला वालवालिका कार्यालय, जनस्वास्थ्य कार्यालयहरुले गरीवी अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई सम्वोधन गरी तथ्याङ्क राख्ने गरेको पाईयो । ती तथ्याङ्कहरुलाई हेर्दा विकासको कामहरुमा महिला, दलित, जनजाती तथा विपन्न वर्गका नागरीकहरुलाई वढी प्राथमीकता दिई उनीहरुको सहभागीतालाई सुनिश्चित गरेको पाईयो ।

### ३.३.३ गैर सरकारी संस्थाहरु

जिल्लामा काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरुले पनि नेपाल सरको प्राथमीकतालाई ध्यानमा राखि कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखिन्छ । तर उनीहरुले राख्ने तथ्याङ्कमा एकरुपता आउन सकेको छैन । यद्यपि यी संस्थाहरुले पनि महिला, आदीवासी जनजाती, गरीव तथा पछाडी परेका वर्गहरुको सलग्नता वढेको पाईयो ।

तालिका १८ अनुसार कुल जनसंख्याको ४० प्रतिसत नागरिकहरुले कुनै न कुनै खालको सेवा प्राप्त गरेको देखिन्छ । स्थानीय निकायहरुवाट खास गरीने जन्म, मृत्यु, विवाह, वसाई सराई, राहदानी, नागरिकता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य सेवा, कृषि, पशु, वन, खानेपानी, महिला, वालवालिका, शिक्षक, पेशाकर्मी आदी सवैलाई एकिकृत गर्दा कुल सहभागीहरु मध्ये १६.५ प्रतिसत महिला, १.६१ प्रतिसत दलित, २०.११ प्रतिसत जनजाती र १८.५ प्रतिसत अन्य जातका नागरिकहरुले विकासमा सहभागिता देखाएको पाईयो । सापेक्षताको आधारमा हेर्ने हो भने सवै अन्य जाती (व्राह्मण, क्षेत्री) को तुलनामा सेवा पाउनेहरु जनजाती, महिला र त्यस पछि दलित रहेका छन् ।

**तालिका १८ विकासमा नागरिकहरुको सहभागीताको अवश्था**

| सेवा प्रदायक संस्था | | सेवा ग्राही | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | महिला | प्रतिसत | दलित | प्रतिसत | जनजाती | प्रतिसत | अन्य | प्रतिसत | जम्मा | प्रतिसत |
| जम्मा | १७४४२४० | ८३१३०५ | ४७.६६ | ६९७७० | ४ | ८७२१२० | ५० | ८०२३५० | ४६ | १७४४२४० | १०० |
| जिविस/गाविस/नपा | ८६०७७ | ३७१८५ | २.१३२ | ३४४३ | ०.२० | ४३०३९ | २.४७ | ३९५९५ | २.२७ | ८६०७७ | ४.९३ |
| जिल्ला कृषि विकास कार्यालय | १८३५२ | ११८५१ | ०.६७९ | ४८३ | ०.०३ | ६१५९ | ०.३५ | ३६७ | ०.०२ | १८८६० | १.०८ |
| जिल्ला पशुसेवा कार्यालय | ३५६९३ | १५२४७ | ०.८७४ | १०७० | ०.०६ | १०४४७ | ०.६० | २४१७६ | १.३९ | ३५६९३ | २.०५ |
| जिल्ला वन कार्यालय | १०५१७ | ५२६९ | ०.३०२ | ४२०.७ | ०.०२ | ५२५८.५ | ०.३० | ४८३७.८ | ०.२८ | १०५१७ | ०.६० |
| जिल्ला जनस्वास्थ्य कार्यालय | १२६०३२ | ६८४३५ | ३.९२४ | ५०४१ | ०.२९ | ६३०१६ | ३.६१ | ५७९७५ | ३.३२ | १२६०३२ | ७.२३ |
| महिला वालवालिका कार्यालय | ७४०५ | ७४०५ | ०.४२५ | २९६.२ | ०.०२ | ३७०२.५ | ०.२१ | ३४०६.३ | ०.२० | ७४०५ | ०.४२ |
| जिल्ला शिक्षा कार्यालय | ३५२१८१ | १७९६१२ | १०.३ | १४०८७ | ०.८१ | १७६०९१ | १०.१० | १६२००३ | ९.२९ | ३५२१८१ | २०.१९ |
| खानेपानी क्षेत्रिय सुपरिवेक्षण तथा अनुगमन कार्यालय | ५००८५.५ | ३०७०२ | १.७६ | २००३ | ०.११ | २५०४३ | | २३०३९ | १.३२ | ५००८५.५ | २.८७ |
| घरेलु तथा साना उद्योग कार्यालय | ८६१८ | ४५८४.८ | ०.२६३ | ३४४.७ | ०.०२ | ४३०९ | ०.२५ | ३९६४.३ | ०.२३ | ८६१८ | ०.४९ |
| डिभिजन सहकारी कार्यालय | ६४६४ | ३४३८.८ | ०.१९७ | २५८.६ | ०.०१ | ३२३२ | ०.१९ | २९७३.४ | ०.१७ | ६४६४ | ०.३७ |
| जम्मा | ७०१४२४ | २८७८२० | १६.५ | २८०५७ | १.६१ | ३५०७१२ | २०.११ | ३२२६५५ | १८.५० | ७०१४२४ | ४०.२४ |
| कूल जम्मा प्रतिसत | ४०.२१ | १६.५० | ०.०० | १.६१ | ०.०० | २०.११ | ०.०० | १८.५० | ०.०० | ४०.२१ | ०.०० |

*स्रोतः स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०७१/७२, जिल्ला विकास समितिको कार्यालय, र सम्वन्धित विषगत कार्यालयहरु, काठमाण्डौ*

## *३.४ सेवा सुविधामा पहुंचको क्षेत्र*

### ३.४.१ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच

तालिका १९ अनुसार, आर्थिक वर्ष २०७०/७१ मा कुल ९१२२५ नागरिकहरुले ओपिडि सेवा लिएकोमा गत आव २०७१/७२ मा १७१३६५ जनाले सो सेवा लिएको पाईयो । त्यसै गरी आव २०७०/७१ मा ३७५ महिला र ७२५ पुरुषहरुले स्थाई परिवार नियोजन गरेकोमा आव २०७१/७२ मा क्रमशः ५२० र

५८४ महिला तथा पुरुषले स्थाई परिवार नियोजन गरेको देखिन्छ । अस्थाई परिवार नियोजनको साधनको हकमा आव २०७०/७१ मा ९४१८८९ जनाले यो सेवा लिएकोमा आव २०७१/७२ मा ९३१८८९ जना भएको पाईयो । परिवार नियोजनको साधनहरुको प्रयोगमा धेरै फरक नदेखिनुमा प्रजनन उमेरका महिला तथा पुरुषहरु वैदेसिक रोजगारमा जानु र प्राकृतिक परिवार नियोजनको विधि अपनाउनु रहेको कुरा समुह छलफलका सहभागीहरुले वताएका थिए ।

**तालिकाः १९ स्वास्थ्य सेवामा पहुंच**

| विवरण | गत बर्षको अवस्था | उपलब्धि |
|---|---|---|
| | संख्या | संख्या |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या (ओपिडि) तथा घाउ, अपरेसन | ९१२२५ | १७१३६५ |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | ४३७ | ५२० |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | ५२१ | ५८४ |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला तथा पुरुषहरुको संख्या | ९२१८८९ | ९३१८८९ |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०७०/७१ र आ.व २०७१/७२, परिवार नियोजन संघ ।*

**३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवाको उपलब्धता**

तालिका २० मा देखाईए अनुसार काठमाण्डौ जिल्लामा आव २०७०/७१ र आव २०७१/७२ मा कुनै परिवर्तन भएको छैन । आव २०७०/७१ र आव २०७१/७२ मा सरकारी अस्पताल ११, प्राथमीक स्वास्थ्य केन्द्र ८, स्वास्थ्य चौकी २६ र उपस्वास्थ्य चौकी ३२ रहेकाछन् । त्यसै गरी ई.पि.आई. क्लिनिक ५४, आउट रिच क्लिनिक १३४, निजी स्वास्थ्य संस्थाहरु ५५५ रहेका छन् । आव २०७०/७१ मा यिनीहरुको संख्या ४०० भन्दा केही वढी रहेका देखिएको थियो ।

**तालिकाः २० जिल्लामा भएको स्वास्थ्य संस्थाहरुको विवरण**

| विवरण | गत बर्षको अवस्था | हालको अवश्था |
|---|---|---|
| | संख्या | संख्या |
| सरकारी अस्पताल | ११ | ११ |
| सामुदायिक अस्पताल | प्राप्त नभएको | ९ |
| स्वास्थ्य चौकी | २६ | २६ |
| उप स्वास्थ्य चौकी | ३२ | ३२ |

| | | |
|---|---|---|
| प्राथमीक स्वास्थ्य केन्द्र | ८ | ८ |
| ई.पि.आई. क्लिनिक | २५४ | २५४ |
| आउट रिच क्लिनिक | १३४ | १३४ |
| निजी स्वास्थ्य संस्थाहरु | ४७२ | ५५५ |
| ए आर.टी सेन्टर | प्राप्त नभएको | ५ |
| आई यु.सि.डी केन्द्र | प्राप्त नभएको | १० |
| एच.सी.टी | प्राप्त नभएको | १८ |
| स्वास्थ्य सेवा लिन लाग्ने समय (सरदर) | १ घण्टा | १ घण्टा |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०७०/७१ र आ.व २०७१/७२*

यसरी हेर्दा आम नागरिकहरुलाई आफ्नै घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ । यस्ता संस्थाहरुलाई स्थानीय स्रोतको समेत परिचालन गरि थप स्वास्थ्यकर्मीहरुको व्यवस्था गरेको भन्ने कुरा समुह छलफलका सहभागीहरुले वताएका थिए । हालको अवश्थामा आम नागरिकहरुलाई वढीमा ४५ मिनेटको हिडाई वा यातायातको साधनको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ ।

### ३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच

तालिका २१ अनुसार काठमाण्डौ जिल्लामा बालविकास केन्द्र देखि दश जोड दुई सम्मका जम्मा १६८० शैक्षिक संस्थाहरुमा रहेकाछन । जसमा ३३१ बालविकास केन्द्र, २७३ प्राथमीक विद्यालय, १६२ निम्न माध्यामिक विद्यालय, ७६७ माध्यामिक विद्यालय र १६८ उच्च माध्यामीक विद्यालयहरु छन । हरेक गाविस र नगरपालिकाका वार्डहरुमा विद्यालयहरु रहेकाछन र पढ्न चाहने सवै बालवालिकाहरुको लागी विद्यालय आधा घण्टा समयको दुरीमा रहेको पाईन्छ ।

## तालिकाः २१ जिल्लामा भएको शिक्षण संस्थाहरुको वितरण

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मवि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ३२६ | ३२६ | ८३ | ६३ | ५१ | ५० | १०२ | १०२ | ४८ | ६० | ६१० | ६०१ |
| संस्थागत | ५ | ५ | १९० | १९० | १११ | १११ | ६६५ | ६६५ | १०८ | १०८ | १०७९ | १०७९ |
| जम्मा | ३३१ | ३३१ | २७३ | २७३ | १६२ | १६२ | ७६७ | ७६७ | १५६ | १६८ | १६८९ | १६८० |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०७०/७१ र आ.व २०७१/७२*

तालिका २२ अनुसार काठमाण्डौ जिल्लामा जम्मा दश जोड दुई सम्मका विद्यार्थि संख्या ३०३,३३७० रहेकाछन् । कूल विद्यार्थि मध्ये ५०५७४ बालविकास केन्द्र, १४३५५३ प्राथमीक विद्यालय, ८२५६१ निम्न माध्यामिक विद्यालय, ५०१६३ माध्यामिक विद्यालय र २७०९३ उच्च माध्यामीक विद्यालयहरुमा रहेकाछन ।

### तालिकाः २२ शिक्षण संस्थामा अध्ययनरत विद्यार्थि संख्या

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ७००० | ७००० | ४१२८९ | ४१२८९ | २७०३४ | २७०३४ | १६६१९ | १६६१९ | १०६१२ | १०६१२ | ९५५५४ | ९५५५४ |
| संस्थागत | ४३५७४ | ४३५७४ | १०२२६४ | १०२२६४ | ५५५२७ | ५५५२७ | ३३५४४ | ३३५४४ | १६४८१ | १६४८१ | २०७८१६ | २०७८१६ |
| जम्मा | ५०५७४ | ५०५७४ | १४३५५३ | १४३५५३ | ८२५६१ | ८२५६१ | ५०१६३ | ५०१६३ | २७०९३ | २७०९३ | ३०३३७० | ३०३३७० |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०७०/७१र आ.व २०७१/७२ ।*
।

तालिका २३ अनुसार शैक्षिक संस्था र विद्याार्थी संख्या हेर्दा प्रति विद्यालय २३४ विद्यार्थि सख्या पाईयो । बालविकास केन्द्रमा १५३, प्राथमीक विद्यालयमा ५२६, तथा निम्न माध्यामिक विद्यालयमा ५१० विद्यार्थि प्रति विद्यालय भएको देखिन्छ । यसरी हेर्दा प्रति मावि तहमा विद्यार्थि संख्या प्रति मावि १३ मात्र देखिन्छ भने प्रति उच्च मावि विद्यार्थि संख्या १७४ भएको पाईन्छ ।

### तालिकाः २३ विद्यालय र विद्यार्थी संख्या

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| जम्मा | ४९१८२ | ५०५७४ | १५७८२२ | १४३५५३ | ८७४४९ | ८२५६१ | ५३८२८ | १०१५३ | २००९० | २७०९३ | ३१९१८९ | ३०३३७० |
| विद्यालय संख्या | ३२६ | ३३१ | २७७ | २७३ | १६४ | १६२ | ७६६ | ७६४ | १५६ | १५६ | १३६३ | १३५५ |
| प्रति विद्यालय विद्यार्थि संख्या | १५१ | १५३ | ५७० | ५२६ | ५३३ | ५१० | ७० | १३ | १२९ | १७४ | २३४ | २२४ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०६९/७० र आ.व २०७०/७१*

#### ३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच

तालिका २४ अनुसार काठमाण्डौ जिल्लामा जम्मा छ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले शालाखाला ९ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र कृषि सेवा केन्द्र

सम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १ घण्टा ३० मिनेटमा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा कृषि सेवा केन्द्रहरुको सख्या वढाउन सके वा भएका सेवा केन्द्रहरुमा प्राविधिक कर्मचारी थप्न सके कृषि सेवा अझ प्रभावकारी हुने देखिन्छ ।

**तालिका २४ कृषि सेवामा पहुंच**

| कृषि सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| ईन्द्रायणी | ईन्द्रायणी, गागलफेदी, भद्रवास, आलापोट, वज्रयोगीनी, पुखुछाली, सुन्टोल, लप्सिफेदी, नाग्लेभारे । | अधिकतम २ घण्टा | |
| जोरपाटी | जोरपाटी, गोठाटार, मुलपानी, गोकर्ण, कपन, चुनीखेल, बालुवा, नयांपाटी, सुन्दरीजल, डांछी । | अधिकतम १ घण्टा ३० मिनेट । | |
| धापासी | गोगोवु, टोखा चन्डेस्वरी, धापासी, टोखा सरोस्वती, वुढानिलकण्ठ, गल्फुटार महांकाल, खड्का भद्रकाली, चपली भद्रकाली, झोर महांकाल । | अधिकतम १ घण्टा ३० मिनेट । | |
| बालाजु | ईचङ्गु, जितपुर, काभ्रेस्थली, धर्मस्थली, साड्ला, फुटुङ्ग, मनमैजु । | अधिकतम २ घण्टा | |
| कलंकी | भिमढुङ्गा, रामकोट, सिता पाईला, स्युचाटार, नैकाप पुरानो भञ्याङ्ग, दहचोक, वाण भञ्ज्याङ्ग, थानकोट, महादेवस्थान । | अधिकतम १ घण्टा ३० मिनेट | |
| दक्षिणकाली | कीर्तिपुर नगरपालिका, मत्सेगाउं, चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कुटुंडेचौर, छैमले । | अधिकतम २ घण्टा । | |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, काठमाण्डौ आ.व २०७०/७१ र आ.व २०७१/७२ ।*

**३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच**

तालिका २५ अनुसार काठमाण्डौ जिल्लामा जम्मा १० वटा पशु सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले औषत ५.५ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्र सम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १.५ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा पशु सेवा तुलनात्मक रुपमा वढी उपलब्ध भएको देखिन्छ । यद्यपी कृषकहरुलाई अझ प्रभावकारी सेवा उपलब्ध गराउन प्राविधिकहरुको संख्या बढाउनुपर्ने देखिन्छ ।

**तालिकाः २५ पशु सेवामा पहुंच**

| पशु सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| जहरसिंहचौवा | लप्सिफेदी, नाग्लेभारे | १ घण्टा | |
| ईन्द्रायणी | ईन्द्रायणी सांखु, गागलफेदी, भद्रवास, आलापोट, वज्रयोगीनी, पुखुछाली, सुन्टोल । | १.५ घण्टा | |
| नयांपाटी | मुलपानी, गोकर्ण, कपन, जोरपाटी, गोठाटार, बालुवा, नयांपाटी, सुन्दरीजल । | १ घण्टा | |
| खड्का भद्रकाली | खड्का भद्रकाली, चपली, चुनीखेल, महांकाल, डांछी । | १.५ घण्टा । | |
| टोखा सरोश्वती | टोखा चन्डेस्वरी, साड्ला, धापासी, गोगोवु, भ्होर महांकाल, टोखा । | १.५ घण्टा | |
| धर्मस्थली | धर्मस्थली, गोलढुङ्गा, जितपुर, काभ्रेस्थली, फुटुङ्ग । | १.५ घण्टा | |
| रामकोट | सीतापाईला, भिमढुङ्गा, रामकोट, ईचङ्गु, स्युचाटार । | १.५ घण्टा | |
| बलम्वु | वलम्वु, थानकोट, बाणभञ्ज्याङ्ग, दहचोक, महादेवस्थान, मतातिर्थ, सतुङ्गल, पुरानो नैकाप, नयां नैकाप तिनथाना । | १ घण्टा | |
| किर्तिपुर | कीर्तिपुर नगरपालिका, मत्सेगाउं, चाल्नाखेल | १ घण्टा | |
| दक्षिणकाली | सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कुटुंडेचौर, छैमले । | १.५ घण्टा | |

*स्रोतः जिल्ला पशुसेवा कार्यालय, काठमाण्डौ, आ.व २०७०/७१ र आ.व २०७१/७२ ।*

### *३.५ जिल्लामा विकाको लागी देखा परेका समश्याहरु र समाधानका उपायहरु*

#### ३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| जिल्ला विकास समितिले जिल्लामा विकासका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी, नीज, विकास साझेदार, तथा अन्य सामुदायिक संस्थाहरु वीच राम्रो समन्वय गरी काम गर्ने वातावरण तयार गरिनु । | योजना तयारी पछि कार्यान्वयनको वेला समन्वयको अभाव । कार्यान्वयन गर्ने तौर तरिका विभिन्न निकायहरुमा विविधता देखिनु । |
| विकासको योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा समेत जनतालाई संलग्न गराउनु | डिपिमास र पिमास प्रणाली कार्यान्वयनमा आए पनि विभिन्न निकायको तथ्याङ्क राख्ने तरिकामा विविधता देखिनु र सूचनाहरुलाई एकिकृत गर्न नसक्दा विभिन्न निकायवाट प्राप्त तथ्याङ्क फरक |

| | |
|---|---|
| | फरक देखिनु । |
| समग्र विकासलाई पुर्वाधार विकास र सामाजिक विकाससंग एकिकृत गरीनु । | विकासका योजनाहरुको कार्यान्वयनमा अर्थपुर्ण जनसहभागिता नहुनु र स्रोत नक्साङ्कन तथा गरीवि नक्साङ्कन नगरिनु । |

*स्रोतः समुह छलफल, काठमाण्डौ ।*

| अवसर | चुनौती |
|---|---|
| नागरिकहरुमा राज्य तथा अन्य संघ संस्थाहरुवाट वाट प्रदान गरिने सेवा, सुविधा, हक अधिकार, सम्वन्धमा चेतनाको स्तर वढेको । विकासको क्षेत्रमा काम गर्ने कार्यमा  सामुदायिक संस्थहरु समेत कृयाशील हुनु । | स्थानीय निकायमा लामो समय देखि निर्वाचित जन प्रतिनिधि नहुनु । |
| स्रोत र साधन जुटाउन वलियो आधार (राजधानी भएको फाईदा लिन सकिने ) । सांसदहरुको संख्या पनि वढी भएकोले सोको उपयोग गर्न सकिने । | राजनैतिक तरलता रहनु । |
| वस्तु तथा सेवाहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय वजार भएको । तालिम तथा सीप विकासको अवसर प्रसस्त भएको । | |

*स्रोतः समुह छलफल, काठमाण्डौ ।*

**३.५.२ जिल्ला विकास समितिको मुख्य समश्याहरु र सामधानको प्रयासहरु**

| क्रस | मुख्य समश्यहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | विनासकारी भूकम्प र यसवाट परेको दुष्प्रभाववाट विकासका संरचनाहरुमा क्षति पुगेको र पुननिर्माणको लागि आवस्यक वजेट जुटाउन कठीनाई भएको । | स्पष्ट मापदण्ड र संयन्त्र तयार गर्ने र समन्वय मिलाउने । |
| २ | स्थानीय निकायमा लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुदा साँचो अर्थमा विकास कार्यलाई गति दिन नसकिएको । | यथाशिघ्र स्थानीय निकायको निर्वाचन हुनुपर्ने । |
| ३ | गैसस मार्फत भई रहेको ठूलो लगानीको अभिलेख जिविसमा नरहेको । अझैपनि धेरै गैससहरुको कार्यक्रम जिविसको योजना प्रकृयामा आवद्ध हुन नसक्नु  । | गैससहरुको स्थानीय निकायसंगको समन्वयमा वाध्यकारी व्यवस्था हुनुपर्ने । |
| ४ | भरखर गठन भएका नगरपालिकाहरुको संस्थागत क्षमता कमजोर भएको र ती नगरपालिका क्षेत्रमा विकासका कार्यहरु गर्न स्रोत र साधनको कमी भएको । | स्रोत र साधनको पहिचान गरी आन्तरीक तथा वाह्य स्रोत जुटाउन नीतिगत सुधार हुनपर्ने । |
| ५ | जिल्ला विकास समितिको आन्तरीक आम्दानीका स्रोतहरुमा संकुचन आएको र नगरपालिका तथा जिविस विचको सम्वन्धमा स्पष्टता नभएको । | जिविसको भुमीकालाई स्पष्ट परिभाषित गरी नगरपालिका, महानगरपालिका र जिविसको वीचको सम्वन्धलाई सुदृढ गर्नुपर्ने । |
| ६ | स्थानीय निकायहरुमा दरवन्दी अनुसारको पदपुर्ति र पदस्थापना हुन नसकेको । यसले गर्दा विकासका कार्यहरुमा सिथिलता आएको । | कानूनी प्रकृया पुर्याई पदपुर्ति र पदस्थापना गरिनुपर्ने । |
| ७ | एउटै कार्यक्रममा विभिन्न निकायबाट हुने सहयोगलाई एकिकृत गर्न नसक्नु । | समन्वय र सहकार्यलाई बढाउनु पर्ने । |

**३.५.३ जिल्ला विकास समितिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालिएका कदमहरुः**

- सूशासन र पारदर्शिताका सूचकहरु जस्तै गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकेको, सार्वजनिक सुनुवाई ३ पटक गरेको, सामाजिक परीक्षण गर्ने गरेको, सार्वजनिक परीक्ष्ण गरेको तथा ई गभरनेन्स अन्तर्गत वल्क एसएमएस्, डिजिटर डिस्प्ले वोर्ड, टिभि कार्यक्रम आदी सञ्चालन गरेको ।
- आवधिक जिल्ला विकास योजना तयार गरी कार्यान्वयनको अवस्थामा पुगेको ।
- सवै कार्यन्वयमा रहेका योजना स्थलमा सुचना पाटी राख्न अनिवार्य गरिएको र यसलाई योजना फरफारकको आधार वनार्यएको ।
- जिल्ला विकास समितिवाट प्रकासित वार्षिक रणनीतिक जिल्ला विकास गुरुयोजनामा सम्पुर्ण गाविस, जिविस, विषयगत कार्यालय र गैर सरकारी संस्थाहरुको आव ०७१/७२ म सञ्चालन हुने योजना विवरण, योजना कन्टिन्जेनिका योजना समेत समावेस गरिएको ।
- जेहन्दार, गरीव, महिला, अपांगता भएका, जनजाती छात्रवृत्ति कार्यक्रम सञ्चालन गरी ती वर्गका नागरीकहरुलाई विकासका मूलधारमा ल्याउन प्रयास गरेको ।
- प्राचिन शहर उज्यालो कार्यक्रम अन्तर्गत फर्पिङ्ग, टोखा, सांखु, थानकोट जस्ता स्थानहरुमा सोलार वत्ति जडान भएको र ती स्थानहरुको विकासवाट पर्यटन विकासको वाटो खुलेको ।
- विकासका योजना सञ्चालनमा उपभोक्ता समितिहरुको गठन गर्ने र कार्यान्यनमा विशेष्न निगरानी वढाउन अभिप्ररित गरेको ।

***३.६ सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव***

जिल्लामा जिविस तथा अन्य स्थानीय निकायहरु र विषयगत कायार्यलय, गैसस तथा नीजि क्षेत्रवाट सञ्चालित कार्यक्रमहरुले जिल्लाको समग्र सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा योगदान पुर्‍याएको देखिन्छ । जसलाई निम्न अनुसार व्याख्या गरिएको छ ।

## क) शिक्षा क्षेत्र

जिल्लामा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न जिविस, जिल्ला शिक्षा कार्यालय, स्थानीय निकायहरु तथा विभिन्न गैर सरकारी संस्थाहरु सक्रिय रहेकाछन् । विभिन्न तह र तप्काका नागरिकहरुलाई शिक्षा प्रदान गरी निरक्षरता निर्मूल गर्नको लागि विभिन्न खाले नागरिकहरुलाई सुहाउदो शैक्षिक कार्यक्रमहरु सञ्चालनमा आएकाछन् ।साक्षरता कार्यक्रम, सामुदायिक अध्ययन केन्द्र, वैकल्पिक विद्यालय, गृहणी विद्यालय, खुला विद्यालय, अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम, प्रारम्भिक वाल विकास कार्यक्रम, निशुल्क पाठ्य पुस्तक, अनिवार्य आधारभुत शिक्षा कार्यक्रम, दलित, महिला छात्रवृत्ति कार्यक्रम भौतिक सुविधा विस्तार कार्यक्रम, समाहित शिक्षा सम्वन्धी कार्यक्रम, साक्षरोत्तर शिक्षा सम्वन्धी कार्यक्रम, शिक्षकहरुको पेशागत विकास, अन्य सरोकारवालाहरु (विद्यालय व्यवस्थापन समिति, अभिभावक) क्षमता विकास, आईसिटि का कार्यक्रमहरु, विद्यालय प्रोत्साहन अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गरी शिक्षा क्षेत्रको गुणात्मक सुधार गर्ने प्रयास गरिएको थियो । यसै कारण अभिभावकहरुले शिक्षाको महत्व वुझि आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गरेकाछन् । जसले गर्दा कक्षा १ मा खुद भर्नादर छात्र

/छात्रा ९५.३ वाट बढेर ९५.५ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा उत्तिर्ण हुने दर ९७.२ प्रतिसतवाट वढेर ९७.४४ प्रतिसत र विद्यालय छोड्ने वा दोहोर्‍याउने दर २.८ बाट घटेर २.५६ ओर्लेको छ ।

**ख) स्वस्थ्य क्षेत्र**

जिल्लामा स्वास्थ्य क्षेत्रमा कार्यरत सवै सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय र नीजि क्षेत्रको सलग्नतामा सञ्चालित कार्यक्रमहरुवाट नागरिकहरुमा स्वस्थ्य क्षेत्रमा चेतना अभिवृद्धि भएको छ । महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार र स्तरीकरण, स्थानीय स्तरमा थप स्वास्थ्कर्मीको व्यवस्था, टोल टोलमा खुलेका नीजि क्लिनिक, अस्पताल, आउट रिच क्लिनिक आदीको कारण स्वास्थ्य सेवा सर्वसुलभ वनेको छ । सासुहरु, श्रीमानहरु, तथा घरका अन्य सदश्यहरुमा आएको सकारात्मक सोचका कारण गर्भवती, सुत्केरी तथा सुत्केरी पश्चात पनि उनीहरुको स्याहार सुसारमा वृद्धि भई मातृ तथा शिशु मृत्युदरमा कमी आएको छ ।

कुल घरधुरी संख्याको ९४.३० प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९४.३२ प्रतिसत थियो । एक बर्ष मुनीका बालबालिकाको आधारमा खोपमा पहुच सत प्रतिसत, ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिसत ६९.८ प्रतिसत, दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिसत गत आवको ८२.५ प्रतिसत बाट वढेर ८३.७३ पुगेको छ भने सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको प्रतिसत आव २०७०/७१ मा ५३.४ भएकोमा यो बढेर ५३.९४ भएकोछ । यसरी स्वास्थ्य क्षेत्रमा राम्रो प्रभाव परेको देखिन्छ ।

**ग) खानेपानी र सरसफाईको क्षेत्र**

खानेपानी र सरसफाईको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा सामुदायिक संघ संस्थाहरुले नयाँ खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत जस्ता कार्यक्रमहरु सञ्चालन गरेका थिए जसले गर्दा नागरिकहरुमा खानेपानी र सरसफाईको सुविधा प्राप्त गर्न सकेकाछन् । तर २०७२ वैशाख १२ मा भएको महाभुकम्पका कारण खानेपानी तथा सरसफाईका संरचनाहरुमा क्षति पुग्न गई यी सुविधामा केहि संकुचन आएको छ । २०७०/७१ मा ९३.९७ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा आव २०७१/७२ मा यो वढेर ९५.५१ प्रतिसत पुगेकोछ । आव २०७०/७१ सौचालयको सुविधा भएका नागरिकहरु ९४.८५ प्रतिसत भएकोमा आव २०७१/७२ मा यो घटेर ९२.१६ प्रतिसत भएको छ । त्यसै गरी खानेपानीको सुविधा भएका प्राथमीक विद्यालयहरु अघिल्लो आव २०७०/७१ मा ८९.५ प्रतिसत भएकामा यस आव २०७१/७२ मा पनि त्यत्तिनै रहेको छ । खानेपानीको सुविधा घर नजिकै भए पछि र आवस्यक परिमाण्मा प्रप्त हुने भए पछि नागरिकहरुको खानेपानी संकलन गर्न लाग्ने समयमा कमी आई समयको वचत भएको छ । उक्त वचत भएको समय उपयोग गरी नागरिकले तरकारी खेती, वाखापालन जस्ता कार्यवाट आर्थिक उपार्जनका कार्यहरु पनि गर्दै आएका पाईयो । यसरी उपार्जन भएको रकम नागरिकहरुले वालवालिकाको शिक्षा,

स्वास्थ्य तथा अन्य आय आर्जनको क्षेत्रमा लगानी गरेको र समग्र सामाजिक विकासमा टेवा पुर्‍याएको देखिन्छ ।

**घ) सामाजिक विकृति विसंगति न्युनीकरणको क्षेत्र**

जिल्ला विकास समिति काठमाण्डौको सक्रियता र नेतृत्वमा अगुवाईमा जिल्लामा सामाजिक विकृति हटाउन विभिन्न निकायहरुको समन्वयमा कार्यहरु सञ्चालन गरेको देखिन्छ । विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु मनाउने महिला दिवस, वाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी वाट जनचेतना फैलाउने कार्यहरु गरीएकोले विकृति न्यूनीकरणमा सहयोग पुगेको देखिन्छ । वालश्रम, महिला हिंसा, यौनजन्य दुर्वेव्हारमा कमी ल्याउनमा पनि गसले सहयोग गरेको छ ।

**ङ) सामाजिक परिचालनको क्षेत्र**

५६ सामाजिक परिचालकहरु, ३६२७ (५४.९२ प्रतिसत पुरुष, ४५.०८ प्रतिसत महिला) वडा नागरिक मञ्चका सदश्यहरु, ५७ नागरिक सचेतना केन्द्रका १९६२ सदश्यहरु (९३.७८ प्रतिसत महिला र ६.२२ प्रतिसत पुरुष) सामाजिक परिचालनको कार्य हुदै आएको छ । यसवाट नागरिकहरु आफूले प्राप्त गर्न सक्ने सेवा, सुविधा, अधिकार र कर्तब्यबारे जानकार भएका छन् र सेवा, सुविधा माग गर्न सक्ने वनेकाछन् । यस कार्यवाट उनीहरु स्थानीय विकासमा आफ्नो सहभागिता वढाउन तयारी अवस्थामा छन् तर त्यो तयारीलाई पुर्ण गराउनसक्ने गरी स्रोत र साधनको व्यवस्था गर्न सकिएको छैन । मानव समसाधनको उचित उपयोगवाट समग्र उत्पादन र उत्पादकत्व बढेको छ । नागकिहरुको सामाजिक विकास, विकासमा संलग्नतामा वृद्धि भई पारदर्शिता तथा जवाफदेहिता पनि वढेको छ । टोल र वस्ति, वस्तिवाट नागरिकहरुको संलग्नतामा महसुस गरिएका विकाका आवस्यकताहरु योजना मार्फत जिविस र जिल्ला परिषद सम्म आउने अवस्था सिर्जना भएको छ । निर्वाचित जनप्रतिनिधिको अभाव भएको वेला सामाजिक परिचालन नागरिकहरुको विकासको आवस्यकता पहिचान गर्ने र योजना तयार गर्ने कार्यमा कोषेढुङ्गा सावित वनेकोछ ।

यति हुदा हुदै पनि विभिन्न मौजुदा सामाजिक परिचालकहरुले अफ्नो तहवाट प्रयास गर्दा गर्दे पनि योजना छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सुधार ल्याउन कठीनाई परेको देखिएको छ । स्थानीय तहमा छनौट भएका योजनाहरु परिषद सम्म पुर्‍याउन नसकिएको र परिषदमा पुगे पनि योजना कितावमा पार्न नसकेको गुनासोहरु पनि आएकाछन् ।

**च) गरिवी निवारणको क्षेत्र**

पुर्वाधार विकासवाट सिर्जित अवसरहरुलाई उपयोग गर्नका खातिर विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रवाट सञ्चालित विपकास योजनाहरुले सामाजिक विकासमा महत्वपुर्ण भुमीका निभएको देखिन्छ । स्थानीय निकायहरु, सरकारी तथा गैर सरकारी निकाय, नीजी क्षेत्रको संलग्नतामा गरीवि निवारणका विभिन्न योजनाहरु सञ्चालन भएकै कारण गरिवी निवारणको क्षेत्रमा प्रगति भएको देखिन्छ ।

उद्यमी कृषक तथा व्यवसायिक फार्महरुको वृद्धि भएकोछ, ८९० मे.ट. गोलभेडा जिल्लावाट निकासी भएको छ साथै खाद्य सुरक्षा, आय आर्जनमा वृद्धि भएको छ । अस्थाई र स्थाई गरी ८,६०० कृषि मजदुरले रोजगारी पाएको, फलफुल खेतीवाट ९ करोडको आम्दानी भएको, व्रजयोगीनी र लप्सिफेदी क्षेत्रका किसानहरुले बार्षिक ७ करोड २६ लाख भन्दा वढी आम्दानी गर्न सफल भएकाछन् । ९७० मे.ट. च्याउ उत्पादन भई किसानहरुले ८ करोड २० लाख आम्दानी गरेको, मैरीपालनवाट १० करोड, अन्य तरकारी ११,००० मे.ट. उत्पादन भई २० करोड ५० लाख आम्दानी भएको छ भने थप १२९ हेक्टर क्षेत्रफलमा सिंचाई पुगी १५४५ घरधरी लाभान्वित भएकाछन् । यी कार्यहरु सम्पादनमा ६९ महिला, ११ पुरुष र ११३ मिश्रित गरी जम्मा १९३ कृषक समूह सक्रिय रहेकाछन् ।

पशु विकास कार्यक्रमहरु मार्फत २०७१/७२ मा जिल्लामा कूल ३ अर्व ३८ करोड ३३ लाख वरावरको पशु उत्पादन (दुध, मासु, फुल) भएको देखिन्छ । यस कार्यको लागि ४९ महिला, २ पुरुष र ६५ मिश्रित गरी जम्मा ११६ कृषक समुह सक्रिय रहेकाछन् । त्यसैगरी जिविसले गरिव संग विशेश्वर कार्यक्रम मार्फत १५६ समुह सदश्यहरुवाट रु १ करोड ५० लाख ७८ हजार ३ सय ३० वचत गरी त्यसको ८० प्रतिसत भन्दा वढी रकम लगानी भएको पाईएको छ । यस्तो लगानीवाट २५ वटा कृषि उद्यम विकास, १५ वटा पशु उद्यम विकास, १२ कृषि सामग्री विक्रि र ७८ जनाले गैर कृषि क्षेत्र (पसल, मैन वत्ति, अचार, सिलाई, व्रिकेट) गरी जम्मा १२० नागरिक स्वरोजगारी वनेको देखिन्छ । अप्रत्यक्ष रुपमा १००० भन्दा वढी परिवार लाभान्वित भएको देखिन्छ ।

### *३.७ महाभुकम्प पछि गरिएका क्रियाकलापहरु*

महाभुकम्पका कारण जिल्लामा ठुलो परिमाणमा भौतिक तथा मानविय क्षती भएको थियो । तथ्याङ्क अनुसार जम्मा १२२२ मानविय क्षती भएकोका महिला ६००, पुरुष ६२१ र तेस्रो लिङ्गि १ थिए । त्यसै गरी अरवौ रुपैयाको भौतिक क्षती भएको भन्ने कुरा वताईए पनि एकिन तथ्याङ्क भने उपलब्ध हुन सकेन । जिल्ला विकास समिति र माताहतका कार्यालयहरुवाट उक्त क्षतीलाई सम्वोधन गर्ने खालका विभिन्न क्रियाकलापहरु सम्पन्न भए ।

जिविसवाट प्राप्त तथ्याङ्क अनुसार ३०५५ वटा त्रिपाल वितरण, पानी टंकी खरिद तथा वितरण १ विपद व्यवस्थापनका लागि मागका आधारमा नगरपालिका र जिल्ला बाल कल्याण समितिलाई अनुदान दिईएको थियो । जिल्ला पशुसेवा र कृषि विकास कार्यालयलाई राहत कार्य गर्न अनुदान दिईएको थियो । जिल्ला जनस्वास्थ्य कार्यालय वाट विभिन्न संघ संस्थाहरुको सहयोगमा स्वास्थ्य सिविर, ४५ दिन भित्रका सुत्केरीलाई न्यानो झोला वितरण, सुचना सामग्री वितरण गरिएको थियो । त्यसै गरी जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत ७५ जना स्वंसेवकहरुलाई प्राथमीक मनोसामाजिक परामर्श तालिम सञ्चालन गरेको । महामारी रोग फैलने सम्भावना अध्ययन गरेको । प्रभावित क्षेत्रका ५ वर्षमुनीका बालबालिका र सुत्केरीहरुलाई पोषण कार्यक्रम सञ्चालन गरेको थियो । महिलावालवालिका कार्यालयवाट २००० सुत्केरीलाई राहत सामग्री वितरण, मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरेको थियो ।

# अध्ययाय ४ निश्कर्ष र सुझाव

## *४.१ निश्कर्ष*

विभिन्न सरकारी गैर सरकारी तथा नीजि क्षेत्रवाट विकास कार्यहरु सञ्चालन गरिदै आएको छ भने जिविस काठमाण्डौले यसलाई समन्वय र सहजीकरण गर्ने कार्य गर्दे आएको छ । जिल्लामा स्थापना भएका पुर्वाधारहरुवाट सिर्जित अवसरहरुलाई उपयोग गर्दे काठमाण्डौ जिल्लामा जिल्ला विकास समितिको नेतृत्वमा गत आव २०७१/७२ मा विभिन्न पुर्वाधार तथा सामाजिक विकासका योजनाहरु सञ्चालन भए । नागरिकहरुको चेतना अभिवृद्धि, स्थानीय विकासमा उनीहरुको उत्साह, संलग्नता, चासो र उनीहरुको स्थानीय व्यवस्थापन गर्ने क्षमताले सामाजिक विकासमा गतिशिलता आएको देखिन्छ । जिल्ला विकास समितिको समन्वयमा एकद्धार विकास प्रणाली अवलम्वन गरेको कारण विभिन्न निकायहरुले गर्ने विकासका कार्यहरुमा दोहोरोपनलाई न्युनीकरण गर्न मदत मिलेको छ भने विकासमा सिनर्जी आएको छ ।

जिल्ला विकास समिति काठमाण्डौले समग्र जिल्ला विकासको लागि जिल्लामा काम गर्ने सवै सरकारी गैर सरकारी, नीजि संघ संस्था, सामुदायिक संस्थाहरुको समन्वय र सहकार्य रहनु पर्छ र उपलब्ध स्रोत र साधनहरुको भरपुर उपयोग गर्नु पर्दछ र यसवाट मात्र विकासको प्रतिफल नागरी समक्ष पेरयाउन सकिन्छ भन्ने कुरा सम्वोधन गर्ने प्रयास गरेको छ । यस्तै प्रयासको कारण नागरिकहरुमा स्थानीय विकास र यसका संरचनाहरुमा आफ्नो अपनत्व स्वीकार गर्ने वातावरण तयार भएको छ । नागरिकहरुलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरु गाउं गाउंमा पुर्याएको र स्थानीय निकाय तथा आम नागरिकहरुले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रसम्सनिय भएको छ ।

जिल्लाका सवै नगरपालिकाहरुमा सञ्चालनमा रहेको रुपान्तरणिय सामाजिक परिचालनले नागरिकहरुलाई आफ्नो समस्या पहिचान, समाधानको उपाय, स्रोत र साधनको खोजी, जिम्वेवार संस्थाहरुको पहिचान जस्ता कार्यहरु गर्न सक्ने भै सकेकाछन् । जसले उनीहरुमा भएको आन्तरीक उर्जालाई विकासको काममा लगाउन सजिलो भएको छ । नागरिकहरु राज्य तथा राज्यवाट स्वीकृति लिई सञ्चालनमा रहेका विभिन्न संघ संस्थाहरुले उनीहरुलाई प्रदान गर्नुपर्ने सेवा, सुविधा र त्यसमा उनीहरुको हक, अधिकार र कर्तव्य प्रति चनाखो वन्दै गएको देखिन्छ । यसै कारण सेवा प्राप्त गर्नेहरुको संख्या उल्लेखनिय ढंगले वढेको छ । महिला, बालवालिका, दलित, जनजाती, आदीले कृषि, पशु, खानेपानी, सिचाई, वन, पारालिगल समुह आदी सवैको संलग्नतामा गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुमा आफ्नो उपस्थितिलाई सफलतापुर्वक प्रस्तुत गर्न सकेकाछन् । यस प्रकृयाले नागरीकहरुको आवस्यकतामा आधारित विकास योजना स्वीकृत हुने र सञ्चालन हुने आधारहरु प्रष्ट देखिन थालेकाछन् ।

शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमवाट रोजगारी श्रृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न सहजिकरण भएको देखिन्छ । कृषि, पशुपालन, उद्योग सञ्चालन गरी नागरिकहरु स्वरोजगार वनेका छन भने व्यवसायिक कृषि फार्महरुले ८ हजार ५ सय भन्दा वढी

रोजगारी सिर्जना गरेकाछन् । पुर्वाधार विकास र समाजिक विकासलाई समन्वयात्मक ढंगले लगेकै कारण स्थानीय स्तरमा रोजगारीको अवसर वढेको, उत्पादन र उत्पादकत्व वढेको र शहरी रकम गाउँ गाउँ सम्म पुग्न सकेको अवस्था देखिएको छ । यसले गाउँ र शहर वीचको व्यापार सन्तुलनमा समेत टेवा पुर्‍याएको छ ।

सडक विस्तार, विद्युत, खानेपानी तथा सिंचाईको विकासवाट प्राप्त अवसरहरुकै कारण सेवा र वस्तुमा आम नागरिकको पहुंच वढेकोछ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व वढ्ने संकेत देखिएको छ । यहि क्रम अगाडी वढाउदै देखा परेका समश्यालाई समाधान गर्ने र अवसरहरुलाई उपयोग गर्दे जाने हो भने आम नागरिकको जीवनशैलीमा स्तोरोन्नती र जीविकोपार्जनलाई सहजता प्रदान गर्ने निश्चित छ । नागरिकहरुलाई आफ्नो काममा सहभागी गराउने, पारदर्शिता अधिवृद्धि गराउने र स्थानीय विकासमा जिम्वेवार वनाउने आधारहरुलाई फराकिलो गराउन जिविस काठमाण्डौले प्रयास गरे यसमा आस गरेको प्रतिफल आउन सकेको देखिदैन ।

विकासका प्रयासहरु सकारात्मक हुदाहुदै पनि चुनौतिहरु पनि त्यत्तिकै रहेकाछन् । लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुनु, राजनैतिक तरलता रहनु, विनासकारी महाभुकम्पका कारण विकासका संरचनामा क्षति पुग्नु र त्यसवाट नागरिकहरुको जीविकोपार्जनमा पारेको प्रभावलाई न्यूनीकरण गर्नु भावि दिनका चुनौथिपुर्ण कार्यहरु हुन ।

नागरिकहरुलाई आवस्यक पर्ने सेवा, सुविधा, वस्तु आदी पर्याप्त मात्रमा पुग्न सकेको छैन । अझ पनि कृषि, तथा पशुसेवा प्राप्त गर्न नागरिकहरुलाई २ घण्टा सम्म समय लाग्ने गरेको छ भने प्राप्त सेवालाई स्तरीय वनाउनु त्यत्तिकै आवस्यकता रहेकोछ । कृषि, पशुसेवा केन्द्र, उपकेन्द्रहरुको सख्या तथा त्यहाँ काम गर्ने प्राविधिकहरुको संख्यामा पनि कमी भएकोले स्तरीय सेवा पुर्‍याउन कठीन देखिएको छ ।

जिविसले डिपिमास सूचना प्रणालीलाई कार्यान्वयमा ल्याए पनि यसलाई समस्त सरकारी, गैर सरकारी तथा नीजि संघसंस्थाहरुमा एकत्रित गर्न सकिएको छैन । यसले गर्दा एकै प्रकारको सूचनाहरु विभिन्न निकायमा फरक फरक पर्ने गरेको देखिन्छ । योजना तर्जुमा प्रकृयामा एक रुपता ल्याउने प्रयास भए पनि कार्यान्वयनमा एक रुपता ल्याउन कठीनाई परेको देखिन्छ ।

### *४.२ सुझावहरु*

६. स्थानीय निकायहरु निर्वाचित जनप्रतिनिधि विहिन भएको अवस्थामा सामाजिक परिचालन कार्यलाई सशक्त र कार्यमूलक वनाउनु अति आवस्यक छ । यसका लागि मौजुदा सामाजिक परिचालकहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने र उनीहरुको कार्य क्षेत्रलाई विविधिकरण गर्नु पर्ने देखन्छ ।
७. जिल्ला विकास समितिको आम्दानीमा संकुचन आउको, जिविस र नगरपालिका वीचको सम्वन्धमा स्पष्टता नभएको कारण विकास कार्यमा समन्वय गर्न कठिनार्य परेको देखिन्छ । यसको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नगरपालिका र जिविस वीचको

सम्वन्ध परिभाषित गर्ने कार्य गर्नु अति आवस्यक छ । त्यसै गरी जिविसले आफ्नो आन्तरीक आय वढाउनको लागि के कस्ता कार्यहरु गर्नु पर्दछ भन्ने अध्ययन गरी आन्तरीक स्रोत परिचालनको लागि विशेष कार्य गर्नु जरुरी छ ।

८. महाविनासकारी भरुकम्पले निम्त्याएको समस्या समाधानको लागि र पुनरनिर्माणको कार्यलाई आवस्यक पर्ने स्रोत र साधनको खोजी गर्न जिल्लामा कार्यरत सवै निकायहरुको वैठक गरी समन्वयात्मक कार्य गर्नुपर्ने देखिन्छ ।

९. सामाजिक विकासमा ठूलो योगदान पुर्‍याउने, शहर र गाउँ विचको व्यापार सन्तुलन ल्याउन सहयोग गर्ने कृषि क्षेत्रका आवस्यक गर्ने सेवा सुविधाहरु अझै पुग्न नसकेको अवस्थामा, नागरिकहरुको सहज पहुँच पुग्ने गरी सेवा केन्द्र तथा त्यहाँ काम गर्ने प्राविधिक कर्मचारीहरुको संख्यात्मक तथा गुणात्मक सुधार ल्याउन जरुरी छ । यसका लागि स्थानीय निकायहरुले सेवा केन्द्र तथा प्राविधिकहरुको व्यवस्था गर्न स्रोत परिचालन गर्नुपर्ने देखिन्छ ।

१०. विकासको लागि तथ्याङ्कहरुको अति आवस्यकता छ । यसले स्थानीय विकासको आवस्यकता पहिचान गर्न, स्रोत र साधनको खोजी गर्न र विकास कार्य सञ्चालन गर्ने नीति तथा रणनीति तयार गर्न सहजीकरण गर्दछ । यसका लागि जिल्लामा कार्यरत सवै संघसंस्थाहरुले अभिलेखिकरण गर्ने तथ्याङ्कमा एकरुपता हुनु आवस्यक छ । त्यसैले जिविस काठमाण्डौले जिल्लामा काम गर्ने सवै निकायहरुलाई आफूले उपयोग गर्ने गरेको डिपिमास सूचना प्रणाली लागु गर्न र सोहि अनुसारको प्रतिवेदन जिविसमा पठाउन निर्देशित गर्नुपर्ने देखिन्छ ।

## अनुसुचीहरु

## अनुसुचीः १ सुचना संकलनको लागी तयार गरिएको प्रश्नावली

## सुचना संकलन फारमको नमुना (स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ अनुसार

काडमाण्डौ जि.वि.स.

मिति :

१. स्थानीय निकायको परिचय (बुंदागत रूपमा लेख्ने)
२. स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :
३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने) :
४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) :
५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **अ) महिला वालवालिका तथा समावेशी क्षेत्र** | | | |
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोर्‍याउने र कक्षा | | | |

| | | | |
|---|---|---|---|
| उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| **खानेपानी र सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत<br>सौचालय भएको परिवार संख्या | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| सौचालय भएको संख्या वा प्रतिशत | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **विविध** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | | | |
| | | | |
| **आ) जनचेतना तथा गरिवी निवारण** | | | |
| **गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंशा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वातावरण सुधारका प्रयासहरू | | | |
| | | | |
| **ई) विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या | | | |
| एच.आई.भि र एड्स | | | |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | | | |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | | | |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला | | | |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने पुरुषको संख्या | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| **शिक्षा** | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षमा पहुच | | | |
| | | | |
| **सामाजिक विकास** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| संस्थागत क्षमता | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

५. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

अनुसूची- ३
(बुदा १०.३ सँग सम्वन्धित)
................विषयगत कार्यालय/गैर सरकारी संस्था
जिल्ला/ न.पा./गा.वि.स. ...............
सामाजिक परीक्षकको प्रतिवेदन
( बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत कार्यालय/ गैर सरकारी संस्था को नाम :

२. लक्ष्य
क.
ख.
ग.
घ.

३. मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने) :
क.
ख.
ग.
घ

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :
क.
ख.
ग.
घ.

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

# अनुसूची-४
(बुदा ११ सँग सम्बन्धित)
## सामाजिक परीक्षकले सम्बन्धित स्थानीय निकायका प्रमुख समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

श्री
जिल्ला विकास समिति........,....... नगरपालिका,............. गा.वि.स

१. पृष्ठभूमि
२. सामाजिक परीक्षणको उद्देश्य
३. अध्ययन विधि
४. अध्ययनको सीमा
५. बृहत् छलफल कार्यक्रमको विवरण
क) मिति : ख) स्थान : ग) समय :
६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने ( अनुसूची २ र ३ )
७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ( बुँदागत रुपमा लेख्ने)
८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु ( बुँदागत रुपमा लेख्ने)
९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम (यदि सस्था भएमा) :
मितिः